कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# एपोलो हाइड्रोपावर लिमिटेड

# APPOLO HYDROPOWER LIMITED

रजिष्टर्ड ठेगाना : काठमाडौं महानगरपालिका वडा.नं.४, काठमाडौं, नेपाल
फोन नं. ०१-५९०८५९४
इमेल :buku.khola@gmail.com वेबसाइट: www.appolohydro.com

को

## विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

यस कम्पनीले आफ्नो जारी पूँजी रु.४७,००,००,०००/- (अक्षरेपी सतचालिस करोड रुपैया मात्र) को ३० प्रतिशत अर्थात रु.१४,१०,००,०००/- (अक्षरेपी चौध करोड दश लाख मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १४,१०,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरिने छ । जस मध्ये जारी पूँजीको १०% अर्थात रु.४,७०,००,०००/- (अक्षरेपी चार करोड सत्तरी लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ४,७०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएको र बाँकी २०% अर्थात रु.९,४०,००,०००/– ( अक्षरेपी नौ करोड चालीस लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/-अंकित दरको ९,४०,००० कित्ता साधारण शेयरको १०% अर्थात ९४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको लागि छुटयाइएको, ५% अर्थात ४७,००० कित्ता साधारण शेयर सामुहिक लगानी कोषको लागि छुटाइएको र २% अर्थात १८,८०० कित्ता साधारण शेयर निष्काशनकर्ता कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी ७,८०,२०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को अधिनमा रही निष्काशन गरिने छ । आयोजना प्रभावित, सामुहिक लगानी कोष, कर्मचारी तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई छुट्टाईएको शेयर बिक्री नभई बाँकी भएको शेयर सर्वसाधारणलाई थप गरी निष्काशन गरिने छ ।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या | पूँजी रकम रु. |
|---|---|---|---|
| उच्च प्रभावित क्षेत्र अर्थात ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गा.पा. वडा नं. ७ र ८ | ५० प्रतिशत | २३५,००० कित्ता | २,३५,००,०००/- |
| मध्यम प्रभावित क्षेत्र अर्थात सोलुखम्बु जिल्ला लिखुपिके गा.पा. वडा नं. २ र रामेछाप जिल्ला उमाकुण्ड गा.पा. वडा नं. ३ | ३० प्रतिशत | १,४१,००० कित्ता | १,४१,००,०००/- |
| न्युन प्रभावित क्षेत्र अर्थात रामेछाप जिल्ला उमाकुण्ड गा.पा. वडा नं. २ र गोकुलगंगा गा.पा. वडा नं. १ | २० प्रतिशत | ९४,००० कित्ता | ९४,००,०००/- |

**नोटः** वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि शेयर छुटयाइएको ।

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००।- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

**संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ | आ.व.२०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.६१ | १०७.२९ | १११.९९ | १११.०६ | ११९.९१ | १३०.८७ |
| प्रति शेयर आम्दानी (रु.) | २.३३ | ५.४२ | ४.७० | २.६६ | ८.८६ | १०.९६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ७,७३३ | २३,९९३ | ३९,४४९ | ५१,९७० | ९३,५९३ | १४५,०९८ |

| आयोजनाको नाम | कुल अनुमानित लागत रकम हजारमा(रु.) | प्रति मेगावाट अनुमानित लागत रकम हजारमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|
| बुकु खोला जलविद्युत आयोजना (६ मे.वा.) | १,३७,२०,३९ | २२,८६,७३ | अनुमति पत्र वहाल रहने अवधि मिति २०७४/०९/२५ देखि २१०९/०९/२४ सम्म रहेकोले २७ वर्ष ४ महिना बाँकी रहेको । मिति २१०९/०९/२४ पश्चात् अनुमतिपत्र बमोजिम आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिने छ । | ७.७७ वर्ष | १६.४३ वर्ष |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) को पृष्ठ नं.२७ देखि २९ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण:**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ तथा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ नेपाल लिमिटेड, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०३/२७ गते "[CARE-NP BB – (Is) [ Double B-Minus])" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । केयर रेटिङ नेपाल लिमिटेडले CARE-NP- AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा -(घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको **दफा ग.२२ (ट)** उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०३/२७ (तदनुसार जुलाई ११, २०२५)    क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०३/२७ (तदनुसार जुलाई ११, २०२६)

**संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित शयेरधनीका एकाघरका सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशन गर्न पूर्व संगठित संस्थाको शयेर प्राप्त गरेको भएमा प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखस्त दिन पाईने छैन ।**

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति :२०८२/१०/२० | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति :२०८२/१०/२३ |
| विद्युत नियमन आयोगबाट सार्वजनिक निष्काशनको लागि सहमति प्रदन गरिएको मिति :२०८१/०१/१८ | |

| **प्रथम चरणको धितोपत्र निष्काशन खुल्ला हुने मिति** | |
|---|---|
| **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि** | **वैदेशिक रोजगारीमा रहेको नेपाली नागरिकहरुका लागि** |
| निष्काशन खुल्ला हुने मिति: २०८२/११/११ | निष्काशन खुल्ला हुने मिति: २०८२/११/११ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/११/२५ (बैंकिङ्ग समय पश्चात) | निष्काशन बन्द हुने मिति (छिटोमा : २०८२/११/१४ (बैंकिङ्ग समय पश्चात) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/१० (बैंकिङ्ग समय पश्चात) | निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/११/२५ (बैंकिङ्ग समय पश्चात) |

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

**हिमालयन क्यापिटल लिमिटेड**
का.म.न.पा. वडा नं २८, कमलादी, काठमाण्डौ, फोन नं. ०१-५९७०६७५
इमेल : info@himalayancapital.com, वेभ साईट : www.himalayancapital.com

**ख. १ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

**क)** **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं २८, कमलादी काठमाण्डौलाई सम्झनु पर्दछ ।

**ग)** **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी एपोलो हाईड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ ।

**घ)** **"संस्थापक संगठित संस्था"** भन्नाले एपोलो हाईड्रोपावर लिमिटेडमा संस्थापक शेयरधारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

**ङ)** **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

**च)** **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

**छ)** **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

**ज)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

**झ)** **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले एपोलो हाईड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक तथा व्यवस्थापन सम्झनु पर्दछ ।

**ञ)** **"बोर्ड"** भन्नाले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

**ट)** **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

**ठ)** **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

**ड)** **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरू (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

**ढ)** **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

**ण)** **"साधारण लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ। यसलाई वर्षमा व्यक्त गरिन्छ। यसले कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

**त)** **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा (Discount rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

**थ)** **"नगद प्रवाह"** भन्नाले आयोजना बाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पुंजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

**ध)** **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री मुक्तिनाथ क्यापिटल लिमिटेडलाई सम्झनु पर्छ ।

**न)** **“आयोजना प्रभावित क्षेत्र”** भन्नाले बुकु खोला जलविद्युत आयोजना निर्माण भएको ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाँउपालिका वडा नं.७ र ८, सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका वडा नं.२ तथा रामेछाप जिल्लाको उमाकुण्ड गाँउपालिका वडा नं.२ र ३ र गोकुलगंगा गाँउपालिका वडा नं १ हरुलाई जनाउँदछ ।

**य)** **“स्थानीयवासी”** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाँउपालिका वडा नं.७ र ८, सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका वडा नं.२ तथा रामेछाप जिल्लाको उमाकुण्ड गाँउपालिका वडा नं.२ र ३ र गोकुलगंगा गाँउपालिका वडा नं १ मा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुलाई जनाउँदछ ।

**र)** **“वैदेशिक रोजगारीमा रहेका नेपाली”** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँदछ ।

**ल)** **“विप्रेषण (रेमिट्यान्स्) बचत खाता”** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

### ख. २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.स | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं २८, कमलादी काठमाण्डौं र website: www.himalayancapital.com |
| २. | एपोलो हाईड्रोपावर लिमिटेड, महाराजगंज, काठमाण्डौं र website: www.appolohydro.com |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर को website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ । |

**वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु** :

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम साथ रकम बुझिलिने व्यवस्था गरिएको छ :

| क्र.स | संकलन केन्द्र, ठेगाना |
|---|---|
| १ | लक्ष्मी सन्राइज बैंक, लिमिटेड, किन्जा शाखा, सोलुखुम्बु । |
| २ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, खिजीदेम्वा शाखा, ओखलढुङ्गा । |
| ३ | लक्ष्मी सन्राइज बैंक, लिमिटेड, शिवालय शाखा, रामेछाप । |
| ४ | लक्ष्मी सन्राइज बैंक, लिमिटेड,प्रिति शाखा, रामेछाप । |
| ५ | सिटिजन्स् बैंक इन्टरनेशनल, लिखुपिके शाखा, सोलुखुम्बु । |
| ६ | एपोलो हाइड्रोपावर लिमिटेड, आयोजनाको कार्यालय, ओखलढुङ्गा । |

भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

**नोट** : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनुपर्नेछ ।

**सर्वसाधारण शेयरधनीहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरि सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागी नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

### ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागी नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागी तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

श्री एपोलो हाईड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकायको सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागी तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्जमा पेश गरेका छौं । कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१०/२२, चलानी नम्बर न.: १७६८६० को प्राप्त पत्रानुसार यस कम्पनी आ.व. २०८१/८२ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ भने मिति २०८२/०५/३१ मा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र समेत प्राप्त गरि सकेको छ ।

### ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१ यस संगठित संस्थाको संस्थापक, संचालक वा प्रमुख कार्यकारी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२ यस संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा प्रमुख कार्यकारी रहेका छैनन् ।

३ सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

४ धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी छैनन् ।

५ यस संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग. ३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग. ३. क. संगठित संस्थाको पृष्ठभूमि :**

**क) संस्थाको नाम :** एपोलो हाईड्रोपावर लिमिटेड (Appolo Hydropower Limited).

**ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**ग) संस्थाको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.४, महाराजगंज काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृती लिई कम्पनीको रजिष्टर्ड कार्यालयको स्थानान्तरण गर्न तथा नेपाल राज्य भरका अन्य ठाउँमा पनि कर्पोरेट तथा सम्पर्क कार्यालय स्थापना गर्न वा बन्द गर्न सकिनेछ ।

**घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.४, महाराजगंज, काठमाण्डौ र कोशी प्रदेश, ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गाउँपालिका वडा नं. ७ मा आयोजनाको कार्यालय रहेको छ ।

**ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने एपोलो हाइड्रोपावर प्राइभेट लिमिटेड मिति २०६३/०६/०३ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७९/०६/०६ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडको रुपमा परिणत भई एपोलो हाइड्रोपावर लिमिटेडको रुपमा दर्ता अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो ।

२) नेपाल सरकार, उर्जा मन्त्रालय विद्युत विकास विभाग बाट मिति २०७४/०९/२५ (वि.वि.वि ०७४/७५ वि.उ २१६) मा ६ मेगावाट विद्युत उत्पादन अनुमतीपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०९/०९/२४ गते सम्म बहाल रहनेछ । उक्त अनुमतिपत्र मिति २०८०/०५/२६ गते नेपाल सरकार, उर्जा मन्त्रालय विद्युत विकास विभागले विद्युत उत्पादन अनुमतीपत्र दोश्रो संशोधन प्रदान गरेको छ । उक्त संशोधन अनुसार मुख्य मुख्य संरचनाहरुको विवरण तथा रहने स्थानको विवरणहरुमा निम्नानुसारको संशोधन गरिएको छ :

५.(ख) बालुवा थिग्राउने पोखरी (Desander) तथा हेडरेस नहर (Headrace Pipe)

५.(ग) सर्ज टयाङ्क तथा पेनस्टक पाइप ।

५.(घ) विद्युत गृह ।

५.(च) प्रसारण लाईन तथा आयोजनाको बाँध भन्दा तल प्राणी र वनस्पतिको लागि न्यूनतम ०.०८५ घ.मी. पानी बर्षै भरी अविछिन्न रुपमा खोलामा छाडिने व्यवस्था ।

अनुमतिपत्र बहाल रहने अबधि मिति २१०९/०९/२४ गते पश्चात यो आयोजना प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई हस्तान्तरण हुने छ ।

३) यस कम्पनीले सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका तथा ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाँउपालिका भई बग्ने खोलाको पानी उपयोग गरी ६ मेगावाट क्षमताको बुकु खोला जलविद्युत आयोजना निर्माण गर्दै आइरहेको छ ।

४) कम्पनीमा हाल १५४ जना संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर, ३० प्रतिशत शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दा, सर्वसाधारण तथा कर्मचारीहरुको लागि छुट्याइएको छ ।

५) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा भएको हाल सम्म संशोधन निम्नअनुसार रहेको छ ।

| प्रबन्धपत्र तथा नियमावली संसोधित | संशोधन भएको दफा | संशोधनको विषय | संशोधन स्वीकृत भएको संचालक समितिको | | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|
| | | | निर्णय नं. | मिति | |
| साधारण सभाको निर्णय बमोजिम | दफा ६ क, ख | कम्पनीको पूँजी संरचना | ६ | २०७९/०७/३० | २०७९/०२/०३ |
| | दफा ६ क, ख, ग, घ | कम्पनीको पूँजी संरचना | २ | २०७९/११/२७ | २०८०/०१/१७ |
| | दफा ६ क, ख, ग, घ | कम्पनीको पूँजी संरचना | ४ | २०८०/०७/२५ | २०८०/०९/०८ |
| | नियम २७ को उपनियम ३ | कम्पनीमा संचालक समिति संरचना | ५ | २०८०/०७/२५ | २०८०/०९/०८ |
| | | | | | |

**आयोजना सम्बन्धी विस्तृत विवरण :**

६) संगठित संस्थाको बुकु खोला जलविद्युत आयोजना (६ मे.वा.) को संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

| सि.नं. | विवरण | बुकु खोला जलविद्युत आयोजना |
|---|---|---|
| १ | आयोजना स्थल | सोलुखुम्बु जिल्लाको गोली, ओखलढुङ्गा जिल्लाको रावादोलु र भुसिङ्गा |
| २ | श्रोत नदी | बुकु खोला |
| ३ | आयोजनाको किसिम | रन अफ रिभर |
| ४ | डिजाईन बेसिन | ३८ लम्बाइ  मिटर, चौडाई ४.६० मिटर, उचाई ३.८० मिटर |
| ५ | उत्पादन हुने इनर्जी | ३४.०२२ GWH |
| ६ | आयोजनाको उत्पादन क्षमता | ६ मेगावाट |
| ७ | ग्रस हेड | ३००.८० मिटर |
| ८ | डाईभर्सन बाँध | २० मिटर लम्बाई, ६ मिटर उचाई |
| ९ | डिस्यान्डीङ्ग वेसिन | ३८ मी. लम्वाई, ४.६० मी. चौडाई र ३.८० मी उचाई भएका २ वटा च्याम्वर |
| १० | पेन स्टक | १.२० मी. व्यास ७५० मी. लम्वाई |
| ११ | पावर हाउस | ३० लम्बाइ  मिटर, चौडाई १४.८० मिटर, उचाई ९ मिटर |
| १२ | टर्वाईन | संख्या २, प्रति टवाइन आउटपूट ३१०० KW |
| १३ | जेनेरेटर | ३५३० KVA (Two units) |
| १४ | आयोजनाको हालको अनुमानित लागत | १,३७,२०,३८,६७२ |

**आयोजनाको निर्माण प्रगति सम्बन्धी विस्तृत विवरण**

७) संगठित संस्थाको बुकु खोला जलविद्युत आयोजना (६ मे.वा.) को मिति २०८२/०९/२६ (तदनुसार जनवरी १०, २०२६) सम्मको निर्माण प्रगति सम्बन्धी विवरण निम्नानुसार रहेको छः

| **क.स** | **विवरण** | **सम्पन्न प्रतिशत** |
|---|---|---|
| १ | General Items | १००% |
| २ | Diversion weir and under sluice (Buku ) | १००% |
| ३ | Intake and Gravel Trap | १००% |
| ४ | Settling Basin | १००% |
| ५ | Diversion weir and under sluice (Kapti) | १००% |
| ६ | Kapti Headrace pipe | १००% |
| ७ | Headrace and penstock pipe | १००% |
| ८ | Anchor blocks | १००% |
| ९ | Powerhouse | १००% |
| १० | Tailrace and protection work | १००% |
| ११ | Surge tank | १००% |
| १२ | Transmission line | ९६.८% |
| १३ | Electromechanical Works | ९९% |
| १४ | Hydro-mechanical works | १००% |
| | **Average Completed Works - percent** | **९९.७%** |

मिति २०७९/०६/०६ मा आयोजनाको निर्माण शुरु गरिएकोमा मिति २०८२ माघ २३ गते सम्म निर्माण कार्य सम्पन्न गरि मिति २०८२ माघ मसान्त गते देखि व्यपारिक उत्पादन शुरु गर्ने कम्पनीको व्यवस्थापनले लक्ष्य लिएको छ ।

आयोजनाको प्रशारण लाईन सम्बन्धी विवरण:

| **क्र.स.** | **विवरण** | **परिणाम** |
|---|---|---|
| १. | प्रसारण लाईन सम्पन्न | ९६.८% |
| २. | सवस्टेशनको नाम तथा ठेगाना | गर्ज्याङ्ग सवस्टेशन, रामेछाप |
| ३. | प्रसारण लाईनको दुरी (लम्बाइ) | १८.७२५ कि.मी. |
| ४. | क्षमता | ३३ के.भी. |
| ५ | पोल संख्या | ४१८ |
| ६ | अनुमति बहाल रहने अवधि | २१०६/०२/१६ |
| ७ | अन्य प्राबिधिक विवरण | कोशी प्रदेश, ओखलढुङ्गा जिल्ला, खिजिदेम्बा गा.पा.वडा नं.७ स्थित बुकु खोला जलविद्युन आयोजनाको ३३/६.२ kv, ८.२५ MVA क्षमताको स्विचयार्ड देखि वाग्मती प्रदेश रामेछाप जिल्लाको उमाकुण्ड गा.पा.वडा नं. २ र ३ हुँदै गोकुलगंगा गा.पा. वडा नं. १ मा रहेको नेपाल विद्युत प्राधिकरणको १३२/३३ kv गर्ज्याङ्ग सवस्टेशन सम्म जम्मा १८.७२५ कि.मी. लम्बाई भएको ३३ के.भी. विद्युत प्रसारण लाईनको आयोजना । |

८) आयोजनाको वित्तीय परिसुचक निम्न अनुसार रहेको छ ।

आयोजनाको व्यापारिक उत्पादन शुरु हुने वर्ष लाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period)/ (Discounted Pay Back Period) कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गरि गणना गरिएको छ । यसले कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ भने डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा (Discount rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गरेर गणना गरिएको छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

नेपाल राष्ट्र बैंकले मुल्याङकन (Valuation) प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीसौं वर्षको नगद प्रवाहलाई बट्टादर द्वारा (Discount rate) ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी नगद प्रवाह Net Present Value (NPV) तथा आन्तरिक प्रतिफल दर Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0
   where, r = Discount rate
   t = Number of time periods
2. IRR= Ct - C0 (1+r)t
   where, Ct = Net cash inflow during the period t
   C0= Total initial investment costs
   r = Discount rate
   t = Number of time periods

" रकम रु.(०००) मा

| आ.व | कर पछि नाफा | ह्रासकट्टी | ब्याज | वार्षिक नगद प्रवाह | संचयी नगद प्रवाह | डिस्काउन्ट को आधार | डिस्काउन्टको नगद प्रवाह | संचयी नगद प्रवाह नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|
| ० | | | | (१,३७२,०३९) | (१,३७२,०३९) | १.०००० | (१,३७२,०३८.६७) | (१,३७२,०३८.६७) |
| १ | ३२,४४८ | ४४,६६१ | ८८,६९० | १६५,७९८ | (१,२०६,२४०) | ०.९०९१ | १५०,७२५.८० | १,२२१,३१२.८७) |
| २ | ४१,६२३ | ४४,६६१ | ८४,४१० | १७०,६९४ | (१,०३५,५४६) | ०.८२६४ | १४१,०६९.३० | (१,०८०,२४३.५७) |
| ३ | ५१,५०६ | ४४,६६१ | ७९,६८६ | १७५,८५३ | (८५९,६९४) | ०.७५१३ | १३२,१२०.६० | (९४८,१२२.९७) |
| ४ | ६१,६५० | ४४,६६१ | ७४,४७२ | १८०,७८३ | (६७८,९११) | ०.६८३० | १२३,४७६.९६ | (८२४,६४६.०१) |
| ५ | ६५,८७३ | ४५,८५२ | ६८,७१६ | १८०,४४१ | (४९८,४७०) | ०.६२०९ | ११२,०३९.८८ | (७१२,६०६.१२) |
| ६ | ७१,९१० | ४५,८५२ | ६२,३६२ | १८०,१२४ | (३१८,३४६) | ०.५६४५ | १०१,६७५.४३ | (६१०,९३०.६९) |
| ७ | ७८,५९४ | ४५,८५२ | ५५,३५० | १७९,७९६ | (१३८,५५०) | ०.५१३२ | ९२,२६३.६४ | (५१८,६६७.०५) |
| ८ | ८५,९९४ | ४५,८५२ | ४७,६०९ | १७९,४५५ | ४०,९०५ | ०.४६६५ | ८३,७१७.२४ | (४३४,९४९.८१) |
| ९ | ९४,१८६ | ४५,८५२ | ३९,०६४ | १७९,१०२ | २२०,००८ | ०.४२४१ | ७५,९५६.९२ | (३५८,९९२.८९) |
| १० | १०१,७३४ | ४७,३४१ | २९,६३३ | १७८,७०७ | ३९८,७१५ | ०.३८५५ | ६८,८९९.३९ | (२९०,००३.५०) |
| ११ | १००,५८८ | ४७,३४१ | १९,२२२ | १६७,१५१ | ५६५,८६६ | ०.३५०५ | ५८,५८५.४५ | (२३१,५०८.०५) |
| १२ | ११०,५७५ | ४७,३४१ | ७,७३१ | १६५,६४७ | ७३१,५१३ | ०.३१८६ | ५२,७८०.३१ | (१७८,७२७.७४) |
| १३ | ११७,१५७ | ४७,३४१ | - | १६४,४९८ | ८९६,०१२ | ०.२८९७ | ४७,६४९.२६ | (१३१,०७८.४८) |
| १४ | ११६,९०८ | ४७,३४१ | - | १६४,२४९ | १,०६०,२६१ | ०.२६३३ | ४३,२५१.८८ | (८७,८२६.६०) |
| १५ | ११५,००७ | ४९,२०२ | - | १६४,२०९ | १,२२४,४६९ | ०.२३९४ | ३९,३१०.२५ | (४८,५१६.३४) |
| १६ | ११४,७३७ | ४२,७६९ | - | १६३,९३९ | १,३८८,४०८ | ०.२१७६ | ३५,६७७.९४ | (१२,८३८.४०) |
| १७ | १०१,७४० | ४९,२०२ | - | १५०,९४२ | १,५३९,३५० | ०.१९७८ | २९,८६३.०० | १७,०२४.६० |
| १८ | १०१,४८१ | ४९,२०२ | - | १५०,६८३ | १,६९०,०३३ | ०.१७९९ | २७,१०१.६६ | ४४,१२६.२५ |
| १९ | १०१,२१२ | ४९,२०२ | - | १५०,४१४ | १,८४०,४४७ | ०.१६३५ | २४,५९३.९४ | ६८,७२०.१९ |
| २० | ९८,८१० | ५१,९०९ | - | १५०,७१९ | १,९९१,१६७ | ०.१४८६ | २२,४०३.४५ | ९१,१२३.६५ |
| २१ | ९८,५२१ | ५१,९०९ | - | १५०,४३० | २,१४१,५९६ | ०.१३५१ | २०,३२७.६५ | १११,४५१.३० |
| २२ | ९८,२२० | ५१,९०९ | - | १५०,१२९ | २,२९१,७२५ | ०.१२२८ | १८,४४२.७७ | १२९,८९४.०७ |
| २३ | ९७,९०९ | ५१,९०९ | - | १४९,८१८ | २,४४१,५४३ | ०.१११७ | १६,७३१.३५ | १४६,६२५.४२ |
| २४ | ९७,५८५ | ५१,९०९ | - | १४९,४९४ | २,५९१,०३७ | ०.१०१५ | १५,१७७.५० | १६१,८०२.९१ |
| २५ | ९३,३५८ | ५६,८७२ | - | १५०,२२९ | २,७४१,२६७ | ०.०९२३ | १३,८६५.५८ | १७५,६६८.४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | ९३,०१० | ५६,८७२ | - | १४९,८८२ | २,८९१,१४९ | ०.०८३९ | १२,५७५.९२ | १८८,२४४.४१ |
| २७ | ९२,६५० | ५६,८७२ | - | १४९,५२२ | ३,०४०,६७१ | ०.०७६३ | ११,४०५.१८ | १९९,६४९.५९ |
| २८ | ९२,२७७ | ५६,८७२ | - | १४९,१४९ | ३,१८९,८१९ | ०.०६९३ | १०,३४२.४७ | २०९,९९२.०६ |
| २९ | ९१,८९० | ५६,८७२ | - | १४८,७६२ | ३,३३८,५८१ | ०.०६३० | ९,३७७.८८ | २१९,३६९.९३ |
| ३० | ९१,४९० | ५६,८७२ | - | १४८,३६२ | ३,४८६,९४३ | ०.०५७३ | ८,५०२.३९ | २२७,८७२.३३ |
| Simple Payback Period (Years) | | | | | | | | ७.७७ |
| Discounted Payback Period (Years) | | | | | | | | १६.४३ |
| | | | | | | | | |

| वित्तीय परिसुचक | बुकु खोला जलविद्युत आयोजना |
|---|---|
| डिस्काउण्ट रेट | १० % |
| साधारण लगानी फिर्ता हुने अवधि (वर्ष) | ७.७७ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष) | १६.४३ वर्ष |
| इन्टर्नल रेट अफ रिर्टन (Internal Rate of Return (IRR)) | १२.०३% |
| नेट प्रेजेन्ट भ्यालु (Net Present Value (NPV)) (रु.) | २०७,१५७,००० |
| ऋण पूँजी अनुपात (Debt Equity Ratio) | ७४% |

**कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

- विद्युत खरिद बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति वा आयोजनाले विद्युत उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त गरी प्राधिकरणमा बुझाएको मितिमध्ये जुन ढीला हुन्छ सो मिति देखि लागु हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा ४/८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८/४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)** | **सुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रति युनिट)** | **वर्षा याम (वैशाख देखि मार्ग सम्म रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौता अवधिसम्म | ९.६६ | ५.५२ |

तर व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईनेछैन।

साथै प्राधिकरणले डिस्प्याच गरि अतिरिक्त उर्जा (Excess Energy) खरिद गरि लिएमा यस्तो अतिरिक्त उर्जाको हकमा दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

**आयोजनाबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः**

| विवरण | बुकु खोला जलविद्युत आयोजना |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (KWH) | ५,६३४,६८७ |
| वर्षा यामको कूल इनर्जी (KWH) | २८,३८७,३३१ |
| जम्मा वार्षिक (KWH) | ३४,०२२,०१८ |

- नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुरुपको सुख्खा याम (Dry Season) तथा वर्षायाम ( Wet Season) को उर्जा को परिणाम सहितको मासिक करार उर्जा (कन्ट्र्याक्ट इनर्जी) सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

| Month | No. of Days | Monthly Generation before Outage & Losses (kWh) | Outage Including Losses (kWh) | Contract Energy (kWh) | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| बैशाख | ३१ | १,९४८,५८२ | ११६,९१५ | १,८३१,६६७ | ४.८० | ८,७९२,००२ | वर्षा याम |
| जेठ | ३१ | ३,३२७,५९८ | १९९,६५६ | ३,१२७,९४२ | ४.८० | १५,०१४,१२२ | |
| असार | ३२ | ४,५६१,९२० | २७३,७१५ | ४,२८८,२०५ | ४.८० | २०,५८३,३८४ | |
| साउन | ३१ | ४,४१९,३६० | २६५,१६२ | ४,१५४,१९८ | ४.८० | १९,९४०,१५० | |
| भाद्र | ३१ | ४,४१९,३६० | २६५,१६२ | ४,१५४,१९८ | ४.८० | १९,९४०,१५० | |
| असोज | ३१ | ४,४१९,३६० | २६५,१६२ | ४,१५४,१९८ | ४.८० | १९,९४०,१५० | |
| कार्तिक | ३० | ४,२७६,८०० | २५६,६०८ | ४,०२०,१९२ | ४.८० | १९,२९६,९२२ | |
| मंसिर | २९ | २,८२६,३०९ | १६९,५७९ | २,६५६,७३० | ४.८० | १२,७५२,३०४ | |
| पौष | ३० | १,९९०,१४१ | ११९,४०८ | १,८७०,७३३ | ८.४० | १५,७१४,१५७ | सुख्खा याम |
| माघ | २९ | १,४१६,०७३ | ८४,९६४ | १,३३१,१०९ | ८.४० | ११,१८१,३१६ | |
| फागुन | ३० | १,३१९,१६२ | ७९,१५० | १,२४०,०१२ | ८.४० | १०,४१६,१०१ | |
| चैत | ३० | १,२६८,९७३ | ७६,१३८ | १,१९२,८३५ | ८.४० | १०,०१९,८१४ | |
| **जम्मा** | **३६५** | **३६,१९३,६३७** | **२,१७१,६१८** | **३४,०२२,०१८** | | **१८३,५९०,५७२** | |

नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुरुपको पछिल्लो संशोधन बमोजिमको व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) २०८०/०१/१७ रहेकोमा त्यस पश्चात नेपाल विद्युत प्राधिकरणबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) थपको लागि मिति २०८० बैशाख २४ मा आशयपत्र प्राप्त भएको छ भने मिति २०८२ माघ २३ गते सम्म निर्माण कार्य सम्पन्न गरि मिति २०८२ माघ मसान्त गते देखि व्यापारिक उत्पादन शुरु गर्ने कम्पनीको व्यवस्थापनले लक्ष्य लिएको छ।

नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता मिति : २०७०/०२/०२ गरिएको थियो भने सो पछि पहिलो संशोधन :२०७५/०४/२२, दोश्रो संशोधन :२०७९/११/१० र तेस्रो संशोधन :२०८०/१०/१५ भएको छ।

**विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदाः**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial

Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Commercial Operation Date) कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनी बाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पूरा गरि सक्नुपर्नेछ ।

समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ:

कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

(०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने सम्बन्धी मुख्य बुँदाहरु :**

- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा सम्झौताको अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

  क्षतिपूर्ति रकम गणना गर्ने विधि

  = [०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर,

  यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

  यस दफा १० मा उल्लेख भए अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागु हुनेछ ।

**बिल र भुक्तानी**

कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको विद्युत खरिद बिक्री सम्झौताको दफा ११ बमोजिमको विद्युत उर्जा र त्यस वापतको विद्युत महसुल समेत उल्लेख भएको बिल प्राप्त भएको बिल तोकिएको ढाँचामा प्राधिकरण समक्ष पेश गर्नेछ ।

प्राधिकरणले बिल प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्दछ । उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महसुल भुक्तान नगरेमा सो रकमको बार्षिक ६% (छ प्रतिशत) का दरले हुने ब्याज रकम समेत भुक्तानी गर्नु पर्नेछ ।

**कम्पनीले विद्युत खरिद सम्झौता गर्दाको बखत र वित्तीय व्यवस्थापनको क्रममा अनुमान गरिएको र आयोजना सम्पन्न हुँदा लाग्ने अनुमानित लागत सम्बन्धी विवरणमा फरक सम्बन्धी विवरण, आयोजनाको लागत वृद्धि हुनुको मुख्य कारणहरु साथै प्रति मेगावाट लागतमा भएको परिवर्तन निम्नानुसार रहेको छ ।**

| क्र.स | विवरण | बिद्युत खरिद विक्री सम्झौताको बखतको लागत | हालसम्मको अनुमानित लागत | लागत बृद्धि | लागत बृद्धिको कारणहरु |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक खर्च | १६,४६०,४०१.६० | २९,४००,०००.०० | १२,९३९,५९८.४० | संभाब्यता अध्ययन, विस्तृत सर्वेक्षण प्रतिवेदन, विस्तृत आयोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा तथा वित्तीय व्यवस्थापनको लागि रेटिङ्ग लगायत अन्य सम्बन्धीत खर्चहरुको बृद्धिका कारण समग्र खर्चमा बृद्धि हुनगएको । |
| २ | सिभिल निमार्ण खर्च | १९९,३२४,८१५.६१ | ४०७,५४१,१००.०० | २०८,२१६,२८४.३९ | आयोजनाको संरक्षण, पाईपलाईन, पावरहाउस तथा हेडवर्कस सम्बन्धी निर्माण कार्यसँग सम्बन्धीत खर्चहरुको बृद्धिका कारण समग्र खर्चमा बृद्धि हुनगएको । |
| ३ | मेटल वर्क खर्च | ११४,०१५,१८७.११ | २०३,६४३,०५७.०० | ८९,६२७,८६९.८९ | निर्माण कार्यमा ढिलाई हुन गएको कारण पाईप तथा अन्य सम्बन्धीत खर्चका बृद्धिका कारण |
| ४ | प्लान्ट तथा उपकरण खर्च | १०९,०३४,७६३.९६ | २०१,५८७,०४७.०० | ९२,५५२,२८३.०४ | मशिनको ईकाइ थप तथा स्थापना खर्च बृद्धिका कारण |
| ५ | प्रसारण लाईन सम्बन्धी खर्च | २५,१४४,१३९.०९ | ७२,४४२,०९५.०० | ४७,२९७,९५५.९१ | प्रसारण लाईनको खर्चको बृद्धि |
| ६ | जग्गा जमिन | १७,३५६,२०५.७७ | ३२,१९८,८६५.०० | १४,८४२,६५९.२३ | पाईप लाईन क्षेत्रमा थप जग्गा खरिदका कारणले |
| ७ | आयोजना कार्यालय | ४,७५८,९५९.६५ | ८,५००,०००.०० | ३,७४१,०४०.३५ | कर्मचारीहरुको लागि थप निवास निर्माणको कारण |
| ८ | फर्निचार, कम्प्युटर तथा उपकरण | २,५१९,४४९.२२ | ४,५००,०००.०० | १,९८०,५५०.७८ | कर्मचारीहरुको लागि थप निवास निर्माणको कारण |
| ९ | यातायात साधन | १,९५९,५७१.६२ | ३,५००,०००.०० | १,५४०,४२८.३८ | आयोजनाको निमार्ण थप ढिलाईका कारण सवारी साधन खरिद तथा संचालन खर्च बृद्धि |
| १० | पुर्वाधार तथा सडक निर्माण | ६५,९५६,३५४.९९ | १३८,९३६,६२६.०० | ७२,९८०,२७१.०१ | पक्की सडकको लम्बाई बृद्धि तथा थप मर्मत खर्चका कारण |
| ११ | उच्च व्यवस्थापन खर्च | १६,७९६,३२८.१६ | ३०,०००,०००.०० | १३,२०३,६७१.८४ | क्षतिपूर्ति तथा अन्य सम्बन्धीत खर्चमा बृद्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सुपरिवेक्षण तथा व्यवस्थापन खर्च | ५५,५७३,१३९.८२ | १२३,७४१,३६६.०० | ६८,१६८,२२६.१८ | निर्धारीत समयमा निर्माण सम्पन्न गर्न ढिलाईका कारण |
| १३ | विविध खर्च | १,३९९,६९४.०१ | २,५००,०००.०० | १,१००,३०५.९९ | निर्धारीत समयमा निर्माण सम्पन्न गर्न ढिलाईका कारण |
| | **जम्मा (व्याज बाहेक)** | ६३०,२९९,०१०.६० | १,२५८,४९०,१५७.०० | ६२८,१९१,१४६.४० | |
| १४ | निर्माण अवधिको व्याज खर्च | ४१,९९०,८२०.४० | ११३,५४८,५१५.०० | ७१,५५७,६९४.६० | निर्धारीत समयमा निर्माण सम्पन्न गर्न ढिलाईका कारण |
| | **जम्मा खर्च (ब्याज सहित)** | ६७२,२८९,८३१.०० | १,३७२,०३८,६७२.०० | ६९९,७४८,८४१.०० | **निर्धारीत समयमा निर्माण सम्पन्न गर्न ढिलाईका कारण** |
| | प्रति मेगावाट लागत | ११२,०४८,३०५.१७ | २२८,६७३,११२ | ११६,६२४,८०६.८३ | निर्धारीत समयमा निर्माण सम्पन्न गर्न ढिलाईका कारण |

**प्राकृतिक प्रकोपबाट (बाढी पहिरो) बाट हालसम्म भएको क्षति सम्बन्धी विवरण निम्नानुसार रहेको छ।**

| क्षति रकम रु | इन्स्योरेन्स कम्पनीबाट प्राप्त क्षतिपूर्ति रु |
|---|---|
| ६७,७५,८८९ | ६२,२०००० |

**आयोजनाको हस्तान्तरण सम्बन्धी व्यवस्थाः**

आयोजनाको अनुमति वहाल रहने अवधि समाप्त भए पश्चात् उक्त आयोजना अनुमतिपत्रमा उल्लेख गरिएको नियम र सर्तहरू अनुसार नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ।

**प्राप्त गरेका स्वीकृती/अनुमति/इजाजत/सम्झौता**

| क.सं | सम्झौताको नाम | सम्झौता मिति | सम्झौता गर्ने संस्था | सम्झौताको बिषयवस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १ | विद्युत खरिद बिक्री सम्झौता | २०७०/०२/०२ | नेपाल विद्युत प्राधिकरण | विद्युत खरिद र बिक्री गर्ने सहमति | - |
| २ | विद्युत खरिद बिक्री सम्झौताको पहिलो संशोधन | २०७५/०४/२२ | नेपाल विद्युत प्राधिकरण | विद्युत खरिद र बिक्री गर्ने सहमति मा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति संशोधन | - |
| ३ | विद्युत खरिद बिक्री सम्झौताको दास्रो संशोधन | २०७९/११/१० | नेपाल विद्युत प्राधिकरण | विद्युत खरिद र बिक्री गर्ने सहमति मा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति संशोधन | - |
| ४ | विद्युत खरिद बिक्री सम्झौताको तेस्रो संशोधन | २०८०/१०/१५ | नेपाल विद्युत प्राधिकरण | विद्युत खरिद र बिक्री गर्ने सहमति मा व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति संशोधन | - |
| ५ | आयोजना ऋण सम्झौता | २०८०/०२/०१ | हिमालयन बैंक लिमिटेड | आयोजना निर्माणको लागि पुँजी व्यवस्थापन | ऋण बाँकी रहेसम्म |
| ६ | शेयर निष्काशनका लागि शेयर प्रत्याभुतिकर्ता नियुक्ती सम्बन्धी सम्झौता | २०८२/०४/२८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | शेयर प्रत्याभूती गर्ने | सम्झौता सम्पन्न भएको मितिले ९ महिना सम्म |
| ७ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०८०/०४/०६ | हिमालयन क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रवन्ध गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभएसम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सहायक/पुरक सम्झौता | २०८०/१०/१७ | हिमालयन क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभएसम्म |

| क्र.सं | ईजाजतको नाम | इजाजत प्राप्त मिति | इजाजत दिने संस्था | इजाजतपत्रको बिषयबस्तु | इजाजतपत्र बहाल रहने अबधि |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन स्वीकृति | २०७९/१२/११ | नेपाल सरकार, उर्जा मन्त्रालय, वातावरण तथा वैकल्पिक उर्जा महाशाखा | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन | - |
| २ | विद्युत उत्पादनको अनुमतीपत्र | २०७४/०९/२५ | नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग | विद्युत उत्पादन गर्ने | २१०९/०९/२४ |
| ३ | कम्पनी दर्ता (प्रा.लि.) | २०६३/०६/०३ | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी सञ्चालन गर्ने | - |
| ४ | कम्पनी दर्ता (लि) | २०७९/०६/१२ | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी सञ्चालन गर्ने | - |
| ५ | उद्योग दर्ता | २०७७/०२/१४ | उद्योग विभाग | उद्योग दर्ता प्रमाणपत्र | - |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

१) यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :-

क) जलविद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेका नदी, खोला, नाला, तालहरुबाट निजी क्षेत्रमा जलविद्युत उत्पादन, प्रशारण तथा बिक्री वितरण गर्ने गराउने एवं आवश्यकता अनुसार पावरहाउस, प्रसारण तथा बिक्री वितरण गर्ने ।

ख) विद्युत उर्जाको आवश्यक अनुसार नेपाल भर जलविद्युत वाहेक अन्य सौर्य, वायु, तापिय आदी श्रोतबाट पनि निजी क्षेत्रमा वैकलिपक उर्जा उत्पादन गरी प्रशारण तथा बिक्री वितरण गर्ने ।

ग) जलविद्युत तथा वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ जलविद्यत आयोजनाहरुको सर्भेक्षण, अन्वेषण, अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्यत क्षेत्रको बिकास गर्ने गराउने ।

घ) जलविद्युत र उर्जा बिकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरणीय अनुसन्धान र विनाशलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।

ङ) साना तथा ठुला मझौला र ठुला जलविद्युत आयोजना सँग समन्वय गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

च) जलविद्युत तथा अन्य उर्जा शक्तीको खरिद बिक्री गर्ने ।

छ) साना तथा मझौला विद्युत आयोजनाहरुको निर्माण र वातावरणीय परामर्श सेवा उपलब्ध गर्ने गराउने ।

ज) जलविद्युत उत्पादनका लागी आवश्यक पर्ने मेसीन, औजार, उपकरणहरु र सोको लागी अनावश्यक पर्ने पार्टस भारत, चीन तथा तेश्रो मुलुकबाट आयत गरी स्थानिय बजारमा बिक्री वितरण गर्ने ।

**६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**७) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

**ख) प्रयोग भएको वा गरिने प्रविधि** : सोलुखुम्बु जिल्ला गोली, ओखलढुङ्गा जिल्ला रावदोलु र भुसिङ्गा अवस्थित बुकुखोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवक्समा डाइभर्सन बाँध, सेटलिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदि संरचना रहेका छन् । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । परियोजनाले ६ मे.वा. विद्युत उत्पादन गर्न Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

ग) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

घ) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र**: नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता भई उत्पादित विद्युत बिक्री गरिने भएको हुँदा यस कम्पनीले अलग्गै बजारको खोजी गर्नु पर्ने अवस्था नरहेको । साथै आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिने अवस्था रहेको छ ।

ङ) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफनो उद्देश्य सँग मेल खाने देशभित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफनो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

च) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल राज्यभर रहनेछ ।

छ) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति:** बुकु खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ६ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिनेछ ।

ज) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** यस जलविद्युत आयोजनाको सोलुखुम्बु जिल्लाको गोली, ओखलढुङ्गा जिल्लाको रावादोलु र भुमिङ्ग अवस्थित बुकु खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

झ) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** :जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पुर्ण संरचना जस्तै Hydro-Mechanical works, Electro-Mechanical works, Civil works (Headworks, Powerhouse Transmission Line, Machinery breakdown) लगायतका कुरालाई मध्यनजर गरी विमा गरिएको छ साथै मर्मत सम्भारका लागि पनि सोहि अनुसार व्यवस्था गरी उचित वातावरणमा राखिएको छ ।

ञ) **अनुसन्धान तथा विकास :** आवश्यकता अनुसार अनुसन्धान तथा विकासको कार्यलाई निरन्तरता दिईनेछ ।

ट) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

ठ) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

ड) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीको कुल विद्युत उत्पादन क्षमता ६ मेगावाट मात्र रहेको हुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा बजारको समस्या रहेको छैन । उत्पादित सम्पूर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा बजारको लागि अन्य समान उद्योगहरु बिच प्रतिस्पर्धा नहुने ।

ढ) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कुल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण** :कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

ण) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्त सम्बन्धी विवरण)**

| सि. नं. | विवरण | सप्लायर्सको नाम | रकम (रु) |
|---|---|---|---|
| १ | सिभिल निर्माण कार्य | स्वयम्भू कन्स्ट्रक्सन् प्रा.लि | ३५,९९,७३,९२७ |
| २ | इलेक्ट्रो मेकानिकल कार्य | वि.फोरेस प्रा.लि | भारु. ११,५२,००,०००<br>(ने.रु.१८,४४,९२,८००) |

| | | | |
|---|---|---|---|
| ३ | प्रसारण लाईन | जेवीजे इन्टरप्राइजेज | ३,९५,००,००० |
| ४ | हाइड्रो मेकानिकल कार्य | प्रिसाइज हाइड्रो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि | ७,२१,५९,१७० |
| ५ | पाइपहरु | दीपशिल (इण्डिया) लि. | १०,६७,९३,०९६ |

**ग.३.ख. सम्पत्तिको विवरण :**

**१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।**

| विवरण | अफिस उपकरण तथा कम्प्युटर | फर्निचर एण्ड फिक्सचर्स | उपकरण तथा औजार | सवारी साधन | सम्पत्ति प्रयोग गर्ने अधिकार | जम्मा |
|---|---|---|---|---|---|---|
| **आषाढ ३१, २०८० को मौज्दात** | **७३२,६१३** | **१,७११,९९२** | **८६,४९७** | **३,०६५,०००** | **८६१,२४३** | **६,४५७,३४५** |
| जोड | - | १०१,००० | ८८५,३२५ | १५०,००० | - | १,१३६,३२५ |
| पुनर्मूल्यांकन | - | - | - | - | - | - |
| पुनर्मूल्यांकन समायोजन | - | - | - | - | - | - |
| Disposal | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ को मौज्दात** | **७३२,६१३** | **१,८१२,९९२** | **९७१,८२२** | **३,२१५,०००** | **८६१,२४३** | **७,५९३,६७०** |
| जोड | **५६०,५२६** | **५२,०००** | | **२३५,०००** | **९०५,११७** | **१,७५२,६४३** |
| पुनर्मूल्यांकन | | | | | | |
| पुनर्मूल्यांकन समायोजन | | | | | | |
| Disposal | | | | | | |
| **आषाढ ३२, २०८२ को मौज्दात** | **१,२९३,१३९** | **१,८६४,९९२** | **९७१,८२२** | **३,४५०,०००** | **१,७५५,३५९** | **९,३४६,३१२** |
| **संचित ह्रासकट्टी तथा नोक्सान घाटा** | | | | | | |
| **आषाढ ३१, २०८० को मौज्दात** | **३६८,५१३** | **१,१५१,३१४** | **७२,१६२** | **२६०,८५१** | **७१,७७०** | **१,९२४,६१०** |
| यस वर्षको ह्रासकट्टी | १९३,६५९ | १६०,१८१ | १७७,४४९ | ७४३,५५७ | ४३०,६२१ | १,७०५,४६७ |
| नोक्सान घाटा | - | - | - | - | - | - |
| पुनर्मूल्यांकन समायोजन | - | - | - | - | - | - |
| Disposal | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ को मौज्दात** | **५६२,१७२** | **१,३११,४९५** | **२४९,६१२** | **१,००४,४०८** | **५०२,३९२** | **३,६३०,०७९** |
| यस वर्षको ह्रासकट्टी | १५८,२९८ | १३१,२९५ | १८६,९५५ | ६००,९१३ | ४३४,२७८ | १,५११,७३९ |
| नोक्सान घाटा | - | - | - | - | - | - |
| पुनर्मूल्यांकन समायोजन | - | - | - | - | - | - |
| Disposal | - | - | - | - | - | - |
| **आषाढ ३२, २०८२ को मौज्दात** | **७२०,४७०** | **१,४४२,७९१** | **४३६,५६७** | **१,६०५,३२१** | **९३६,६६९** | **५,१४१,८१८** |
| Carrying amount | | | | | | |
| **श्रावण १, २०८१ को मौज्दात** | **१७०,४४१** | **५०१,४९७** | **७२२,२१०** | **२,२१०,५९२** | **३५८,८५१** | **३,९६३,५९१** |

| श्रावण १, २०८२ को मौज्दात | ५७२,६६९ | ४२२,२०१ | ५३५,२५५ | १,८४४,६७९ | ८२९,६९० | ४,२०४,४९४ |
|---|---|---|---|---|---|---|
| **सम्पत्ति रहेको स्थान** | रजिष्ट्र्ड कार्यलय तथा आयोजना कार्यलयमा रहेको | रजिष्ट्र्ड कार्यलय तथा आयोजना कार्यलयमा रहेका | आयोजना कार्यलयमा रहेका | आयोजना कार्यलयमा रहेका | NFRS १६ बमोजिमको अधिकार | |
| **सम्पत्तिको अवस्था** | चालु अवस्थामा रहेको | चालु अवस्थामा रहेको | चालु अवस्थामा रहेको | चालु अवस्थामा रहेको | चालु अवस्थामा रहेको | |

२) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्नेः** संगठित संस्थाको आफनै सम्पत्ति भएको र आयोजनाको भौतिक संरचनाहरु निर्माणका लागि तपसिल बमोजिमको जग्गाहरु खरिद गरिएको छ ।

| क्र.सं. | कि. न | क्षेत्रफल (रोपनी/आना/पैसा/दाम) | जग्गाधनी |
|---|---|---|---|
| १) | ३१२ | ०-९-०-० | |
| २) | ३०५ | ० -१०-०-० | |
| ३) | ३०८ | १-१४-०-० | |
| ४) | २८८ | १ -०-०-० | |
| ५) | २९९ | ० -९-०-० | |
| ६) | ५३२ | १ -६-०-० | |
| ७) | ५२४ | १ -९-०-० | |
| ८) | ५२७ | ३-१४-०-० | |
| ९) | ३१६ | ० -११-०-० | |
| १०) | १८५ | ० -१३-०-० | |
| ११) | ३०२ | ० -११-०-० | |
| १२) | ५३० | १ -१३-०-० | |
| १३) | ५१० | ० -१४-०-० | |
| १४) | ५१२ | १-२ -०-० | |
| १५) | ३१० | ० -१४-०-० | एपोलो हाइड्रोपावर लिमिटेड |
| १६) | १८३ | १-८-० -० | |
| १७) | ५०८ | ० -९-०-० | |
| १८) | १८० | २-९-०-० | |
| १९) | १७७ | ० -१०-०-० | |
| २०) | ३१४ | १-० -०-० | |
| २१) | २७२ | ५-५-०-० | |
| २२) | २६६ | १-११-१-३ | |
| २३) | २६८ | १-१० -२-३ | |
| २४) | २७० | ०-३ -१-० | |
| २५) | २७५ | ३-४-०-० | |
| २६) | ५१६ | १-७ -०-० | |
| २७) | २२७ | ६-७-२-० | |
| २८) | २२८ | ३-७-०-१ | |
| २९) | २३३ | ४-१०-३-० | |

| | | | |
|---|---|---|---|
| ३०) | ५१५ | २-०-०-१ | |
| ३१) | ५१८ | ३-१०-०-० | |
| ३२) | ५२१ | २-०-०-१ | |
| ३३) | ५३४ | १-७-०-० | |
| ३४) | १७ | २-६-३-२ | |
| ३५) | १४ | ५-३-०-० | |
| ३६) | ५४१ | ०-६-०-० | |
| ३७) | ५३९ | ०-८-०-० | |
| ३८) | ५४३ | १-१०-०-० | |
| ३९) | ३१ | १-१०-१-० | |
| **जम्मा क्षेत्रफल** | | **७३-५-१३-१२** | |

३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : सम्बन्धी विवरण :** यो परियोजना निर्माण तथा संचालनका लागि आवश्यक ऋण पूँजी जुटाउन कम्पनीको नाममा रहेको जग्गा तथा परियोजनाका भौतिक संरचनाहरु हिमालयन बैंक लिमिटेडको नाममा सम्पत्ति धितोमा रहेको छ ।

४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पुर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

१) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।
- नयाँ जलविद्युत तथा सोलार आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजना निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

२) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठूलो खाडल रहेको छ । देशको कतिपय स्थानहरुमा बिजुली पु्याउनु पर्ने अवस्था अझै विद्यमान रहेकोले राज्यलाई आवश्यक पर्ने विद्युत उत्पादनको आवश्यकता अत्याधिक रहेको छ ।

यस सन्दर्भमा कम्पनीको आयोजनाले उत्पादन गर्ने विद्युतको बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरण सँग भईसकेको हुनाले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा रहेको छैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरु बाट मनोनित वा निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ जना |

| | |
|---|---|
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७** जना |

**नोटः** सर्वसाधारणमा शेयर निष्काशन गरे पश्चात पहिलो साधारणसभाबाट सर्वसाधारण समूहका शेयरधनीहरुबाट २ जना संचालकहरुको नियुक्ति गरिने छ ।

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार : कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागि कुनै पनि शेयरधनीले आफनो नाममा १००० कित्ता शेयर लिएको हुनुपर्छ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४ पुँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरणः**

**अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरुपी एक अर्ब रुपैया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले १,००,००,००० (एक करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजीः** कम्पनीको जारी पूँजी रु.४७,००,००,००० /– (अक्षरुपी सतचालिस करोड रुपैया मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ४७,००,००० (सतचालिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पूँजीः** कम्पनीका संस्थापक शेयरधनीहरुको चुक्ता पूँजी रु ३२,९०,००,०००/- (अक्षरुपी बत्तिस करोड नब्बे लाख रुपैया मात्र) रहेको छ । सर्वसाधारण (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, सामुहिक लगानी कोषहरु, निष्काशनकर्ता कम्पनीका कर्मचारीहरु समेत) का लागि छुट्ट्याइएको १४,१०,००० थान कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४७,००,००,०००/– (अक्षरुपी सतचालिस करोड रुपैया मात्र) हुनेछ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|---|---|
| **अधिकृत पूँजी (रु.)** | २००,०००,००० | २००,०००,००० | २००,०००,००० | ५०,००,००,००० | १,००,००,००,००० |
| **जारी पूँजी (रु.)** | २००,०००,००० | २००,०००,००० | २००,०००,००० | ४२,००,००,००० | ४७,००,००,००० |
| **चुक्ता पूँजी (रु.)** | १०४,१५०,००० | ११४,२५९,००० | ११६,१००,००० | २९,४०,००,००० | ३२,९०,००,००० |

**ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ३२,९०,००० | ३२,९०,००,००० | ७० % | शत् प्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी ( आयोजना प्रभावित क्षेत्र का स्थानीय बासिन्दाहरु, सामूहिक लगानी कोष, वैदेशिक | १४,१०,००० | १४,१०,००,००० | ३० % | निष्काशनको क्रममा रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | रोजगारीमा रहेका नेपालीहरु र कर्मचारीहरु समेत) | | | | |
| | **जम्मा** | **४७,००,०००** | **४७,००,००,०००** | **१०० %** | |

नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

**ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

## ग.५ संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

१ आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**<u>आधारभूत शेयरधनीहरुको विवरण:</u>**

| क.स. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री आङ्ग तेन्जी शेर्पा खिजीदेम्वा ८, ओखलढुङ्गा | अध्यक्ष | ५२ | नेपाली | ९१,६०० | २.७८ | आई.ए | Proprietor-A.T International Handicraft Export<br>निर्देशक- आइसल्याण्ड ट्रेक एण्ड एक्सपेंडिशन प्रा.लि.<br>अध्यक्ष-रिया नेपाल प्रा.लि. |
| २ | श्री डिल्ली बहादुर गुरुङ्ग केरुङ २ , सोलुखुम्बु | संचालक | ५२ | नेपाली | १,६२,८५० | ४.९४५ | आई.ए | निर्देशक-जलशक्ति हाइड्रो प्रा.लि.<br>निर्देशक -हिमल्याण्ड एडभेन्चर ट्रेक प्रा.लि.<br>निर्देशक- मालिंगो इन्टरनेशनल हाउजिङ्ग कम्पनी प्रा.लि.<br>आर्थिक संयोजक-गोरेटो बहुउद्देश्यीय सहकारी लिमिटेड<br>निर्देशक-पातले होमस्टे प्रा.लि. |
| ३ | श्री विनोद चन्द्र वराल पोखरा म.न.पा.८, कास्की | संस्थापक | ६२ | नेपाली | १,५०,००० | ४.५६ | बि.कम/सि.ए | अध्यक्ष/व्यवस्थापक संचालक/कार्यकारी अध्यक्ष - अन्नपूर्ण फाइनान्स कम्पनी लिमिटेड मा १५ वर्ष भन्दा बढीको अनुभव |
| ४ | श्री सिता राम तिमिल्सिना विरगंज १० पर्सा | संस्थापक | ६४ | नेपाली | १,२५,००० | ३.८० | बि.कम | जलविद्युत निर्माण, संचालन तथा निर्माण<br>व्यावसाय क्षेत्रको कार्य अनुभव |
| ५ | श्री धन बहादुर बस्नेत का.म.न.पा १०, काठमाडौं | संचालक | ५१ | नेपाली | १,१४,९०५ | ३.४९ | बि.ए | प्रबन्ध साझेदार स्टार अटो इन्टरप्राइजेज - बजाज मोटरसाइकलको डिलर<br>निर्देशक- स्टार अटो केयर प्रा.लि.<br>निर्देशक- एमटी इंडस्ट्रीज प्रा.लि<br>अध्यक्ष -पाली रियल इस्टेट प्रा.लि<br>अध्यक्ष- प्रवधान बहुउद्देश्यीय सहकारी लिमिटेड |
| ६ | श्री नारायण बाबु अधिकारी पालुङ्गटार ९ गोरखा | संस्थापक | ५७ | नेपाली | १,१२,७०० | ३.४३ | स्नातक | लेखा तथा विभिन्न हाइड्रोपावरमा परियोजनाको कार्य अनुभव ।<br>अध्यक्ष-ओजिल भेन्चर्स प्रा.लि. |
| ७ | ओजिल भेन्चर्स प्रा.लि. का.म.न.पा. १६ | संस्थापक | लागू नहुने | | १,५०,००० | ४.५६ | लागू नहुने | |

| क.स. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड का.म.न.पा. ३१ काठमाडौं | संस्थापक | लागू नहुने | | १,००,००० | ३.०४ | लागू नहुने | |
| ९ | प्रिमियर सेक्युरिटीज कम्पनी लि.का.म.न.पा. २८, काठमाडौं | संस्थापक | लागू नहुने | | ७५,००० | २.२८ | लागू नहुने | |
| १० | मल्टीपर्पस फाइनान्स लि. राजविराज न.पा ४, सप्तरी | संस्थापक | लागू नहुने | | ५०,००० | १.५२ | लागू नहुने | |
| ११ | श्री आङ रिन्जी शेर्पा लिखु गा.पा. ९, ओखलढुङ्गा | संस्थापक | ५० | नेपाली | १,६५,००० | ५.०२ | एस.एल.सि. | आयुर्वेदिक व्यवासय क्षेत्रमा कार्यअनुभव |
| १२ | श्री राजेन्द्र गुरुङ्ग खिजीदेम्वा ७ ओखलढुङ्गा | संचालक | ४९ | नेपाली | ८८,४३५ | २.६९ | बि.ए | कार्यकारी अध्यक्ष-नेपाल नेचर ट्रेक एण्ड टुर्स प्रा.लि.<br>टुर लिडर-अल्की टुर्स |
| १३ | श्री शान्ता पहाडी डुंडभन्ज्याङ ८ सिन्धुली | संस्थापक | | नेपाली | ४१,१०० | १.२५ | एम.ए | सरकारी संस्थामा कार्यरत |
| १४ | श्री प्रमोद श्रेष्ठ अर्थुङ्गे २,म्याग्दी | संस्थापक | ५२ | नेपाली | ६०,००० | १.८२ | +२ | विभिन्न व्यवसायको कार्यअनुभव |
| १५ | श्री साधना क्षेष्ठ अर्थुङ्गे २,म्याग्दी | संस्थापक | ४३ | नेपाली | ३८,००० | १.१६ | एस.एल.सि. | गृहिणी |
| १६ | श्री बिबेक पहाडी का.म.न.पा. ३४, काठमाडौं | संस्थापक | ३१ | नेपाली | ३६,२५० | १.१० | एम.बि.ए | विद्यार्थी |
| १७ | श्री लाक्पा शेर्पा खिजिदेम्बा गा.पा. ७, ओखलढुङ्गा | संस्थापक | १८ | नेपाली | ६२,२०० | १.८९ | +२ | विद्यार्थी |
| १८ | श्री कर्म तेन्जिङ भोटीया भोटेखोला गा.पा. २, संखुवासभा | संस्थापक | ५९ | नेपाली | ४९,००० | १.४९ | एस.एल.सि. | रेस्टुरेन्ट व्यावसायको कार्य अनुभव |
| १९ | श्री बुनु लिम्बु छतर जोरपाटी गा.पा. ५ धनकुटा | संस्थापक | ४२ | नेपाली | ३६,८०० | १.१२ | स्नातक | शिक्षण क्षेत्र को कार्य अनुभव |
| २० | श्री प्रताप गुरुङ्ग पोखरा महानगरपालिका ९ | संस्थापक | ६४ | नेपाली | ५०,००० | १.५२ | बिए | रियल स्टेट र जलविद्युत परियोजनामा कार्य अनुभव |
| २१ | श्री पदम बहादुर शाक्य का.म.न. पा ३० काठमाठडौं | संस्थापक | ५२ | नेपाली | ५०,००० | १.५२ | स्नातक | व्यापार व्यावसाय तथा लगानी क्षेत्रको कार्य अनुभव |
| २२ | श्री सन्तोष मान श्रेष्ठ का.म.न.पा. १८, काठमाडौं | संस्थापक | ५३ | नेपाली | ५०,००० | १.५२ | बि.कम | विभिन्न व्यापार व्यावसाय तथा नोकरी क्षेत्रको कार्य अनुभव |
| २३ | श्री वलराम किसी भक्तपुर, ६ | संस्थापक | ५४ | नेपाली | ५०,८८५ | १.५५ | एम.बि.बि.एस | व्यापार व्यावसाय तथा नोकरी क्षेत्रको कार्य अनुभव |
| २४ | श्री रेनुका गुरुङ्ग खिजीडेम्वा ६, ओखलढुङ्गा | संचालक | ५१ | नेपाली | ९२,३७५ | २.८१ | आई.ए | व्यापार-एस डेभलपमेन्ट हुडिङ प्रा.लि. |
| २५ | श्री डिमा छोपेल लामा ललितपुर ५ | संस्थापक | ३३ | नेपाली | ९१,७५० | २.७९ | एम.बि.ए/ि स.ए | नोकरी क्षेत्रको कार्य अनुभव |
| २६ | श्री रबिन्द्र प्रसाद न्हुछे प्रधान | संस्थापक | ५१ | नेपाली | ७५,००० | २.२८ | एम.बि.ए | अध्यक्ष-प्रिमियर सेक्युरिटीज कंम्पनी लिमिटेड, |

| क.स. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| | ललितपुर २२ | | | | | | | |
| २७ | श्री छिरङ्ग डेल्कर लामा ललितपुर ५ | संस्थापक | २७ | नेपाली | ३८,२५० | १.१६ | स्नातक | विद्यार्थी |
| २८ | श्री गान्धी तिमल्सिना चितवन ४ | संस्थापक | २८ | नेपाली | ४०,००० | १.२२ | स्नातक | बिद्यार्थी |
| २९ | श्री तिलक बहादुर लामा काभ्रे ५ | संस्थापक | ५५ | नेपाली | ४८,३९५ | १.४७ | एम.ए | पर्यटन तथा कृषि क्षेत्रको कार्य अनुभव |

**संचालकहरुको विवरणः**

| क.स. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री आङ्ग तेन्जी शेर्पा खिजीडेम्बा ८, ओखलढुङ्गा | अध्यक्ष | ५२ | नेपाली | ९१,६०० | २.७८ | आई.ए | • Proprietor-A.T International Handicraft Export<br>• निर्देशक- आइसल्याण्ड ट्र्याक एण्ड एक्सपेंडीशन प्रा.लि.<br>• अध्यक्ष-रिया नेपाल प्रा.लि. |
| २ | श्री राजेन्द्र गुरुङ्ग खिजिदेम्बा ७, ओखलढुङ्गा | संचालक | ४९ | नेपाली | ८८,४३५ | २.६९ | बि.ए | • कार्यकारी अध्यक्ष-नेपाल नेचर ट्रेक एण्ड टुर्स प्रा.लि.<br>• टुर लिडर-अल्की टुर्स |
| ३ | श्री रोजेन कुमार क्षेष्ठ ल.पु १०, ललितपुर | संचालक | ३७ | नेपाली | ३,५०० | ०.११ | स्नातकोत्तर | • सर्वेक्षण/डिजाइन इन्जिनियर-AG Power Company and DAT Engineering Consultancy P. Ltd.<br>• प्राविधिक अधिकारी- चाचर्बा Energy Development Program, (REDP/UNDP)<br>• प्राविधिक प्रबन्धक-एजी पावर कम्पनी प्रा.लि (२०१०-२०१२)<br>• कार्यकारी निर्देशक- एजी पावर कम्पनी प्रा.(२०१२-२०१६)<br>• परियोजना प्रबन्ध- सानो मिल्ती खोला जलविद्युत आयोजना लि.(२०१६-२०१७)<br>• प्राविधिक प्रबन्धक-एजी पावर कम्पनी प्रा.(२०१७-२०२०)<br>• Energy Advisor–Energizing Development (Endev)/ Deutsche Gesellschaft für International Zusammenarbeit (GIZ) |
| ४ | श्री रेनुका गुरुङ्ग क.म.न.पा १०, काठमाडौं | संचालक | ५१ | नेपाली | ९२,३७५ | २.८१ | आई.ए | • व्यापार-एस डेभलपमेन्ट हुडिङ प्रा.लि. |
| ५ | श्री बिष्णु प्रसाद अधिकारी पोखरा महानगरपालिका,१८ कास्की | स्वतन्त्र संचालक | ४० | नेपाली | छैन | छैन | | • संस्थापक शेयरधनी–सुपरमादी हाइड्रोपावर लिमिटेड ।<br>• रियल स्टेट तथा कृषि क्षेत्रको कार्य अनुभव |
| ६ | श्री धन बहादुर बस्नेत खिजीदेम्बा ८, ओखलढुङ्गा | संचालक | ५१ | नेपाली | १,१४,९०५ | ३.४९ | बि.ए | • प्रबन्ध साझेदार स्टार अटो इन्टरप्राइजेज - बजाज मोटरसाइकलको डिलर |

| क.स. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | • निर्देशक- स्टार अटो केयर प्रा.लि.<br>• निर्देशक- एमटी इंडस्ट्रीज प्रा.लि<br>• अध्यक्ष -पाली रियल इस्टेट प्रा.लि<br>• अध्यक्ष- प्रवधान बहुउद्देश्यीय सहकारी लिमिटेड |
| ७ | श्री डिल्ली बहादुर गुरुङ्ग केरुङ २ , सोलुखुम्बु | संचालक | ५२ | नेपाली | १,६२,८५० | ४.९५ | आई.ए | • निर्देशक-जलशक्ति हाइड्रो प्रा.लि.<br>• निर्देशक -हिमल्याण्ड एडभेन्चर ट्रेक प्रा.लि.<br>• निर्देशक- मालिंगो इन्टरनेशनल हाउसिङ कम्पनी प्रा.लि.<br>• आर्थिक संयोजक-गोरेटो बहुउद्देश्यीय सहकारी लिमिटेड<br>• निर्देशक-पातले होमस्टे प्रा.लि. |

नोट : १. हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको। यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँड सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६ (२) अनुसार संचालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ।

२. सुचिकृत संगठित संस्थाहरुको संस्थागत सुशान सम्बन्धी निर्देशिकाको पालना गरिएको उद्घोषण गर्दछौं।

३. स्वतन्त्र संचालकको प्रचलित कानुन बामोजिम योग्यता पुगेको व्यहोरा जानकारी गराउदछौं।

२) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :** संस्थापक कम्पनीको संक्षिप्त परिचय तथा संचालकहरुको नाम ठेगाना निम्न अनुसार रहेको छ।

| क.सं | संस्थापक शेयरधनीहरुको संक्षिप्त विवरण | संचालकहरुको नाम | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | **ओजिल भेन्चर्स प्रा.लि.**<br>का.म.पा. १६, काठमाडौंमा अवस्थित यो कम्पनी, सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी लगानी तथा सेवा उपलब्ध गराउने उदेश्यका साथ दर्ता कायम भई सञ्चालनमा रहेको छ। | श्री नारायण बाबु अधिकारी | अध्यक्ष | पालुङ्गटार ९ गोरखा |
| | | श्री प्रमोद श्रेष्ठ | संचालक | अर्थुङ्गे २, म्याग्दी |
| २ | **सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड**: का.म.पा. ३१ काठमाडौंमा अवस्थितख यो कम्पनी, सम्बन्धित निकाय बाट अनुमतिपत्र प्राप्त गरी विभिन्न प्रकारका जिवन बिमा लगायतका बिमा सेवा उपलब्ध गराउने उदेश्यका साथ दर्ता कायम भई सञ्चालनमा रहेको छ। | श्री मनोहर दास मूल | अध्यक्ष | थापाथली, काठमाण्डौं |
| | | श्री अजित आर.गुणवर्धन (सेलिङ्को ईन्स्योरेन्स पि.एल.सि.) | संचालक | श्रीलंका |
| | | श्री अरुणराज श्रेष्ठ | संचालक | वानेश्वर, काठमाण्डौं |
| | | श्री सिद्धार्थमणि राजभण्डारी | संचालक | धोविखोला,काठमाण्डौं |

| | | | | |
|---|---|---|---|---|
| | | श्री गजेन्द्रलाल श्रेष्ठ | सर्वसाधारण संचालक | ललितपुर |
| | | श्री कमल भट्टराई | सर्वसाधारण संचालक | बानेश्वर, काठमाण्डौं |
| | | सुश्री निर्मला देवी मानन्धर | स्वतन्त्र संचालक | वाफल, काठमाण्डौं |
| ३ | **प्रिमियर सेक्युरिटीज कंम्पनी लिमिटेड**: .का.म.न.पा. २८, काठमाडौंमा अवस्थित यो कम्पनीले सम्बन्धित निकाय बाट अनुमतिपत्र प्राप्त गरी सेक्युरिटीज सम्बन्धी कारोवार गर्दै आएको छ । | श्री रबिन्द्र प्रसाद न्हुछे प्रधान | अध्यक्ष | ललितपुर |
| | | श्री बबा मैया जोशी प्रधान | संचालक | ललितपुर |
| | | श्री सन्तोष मान श्रेष्ठ | संचालक | नरदेवि काठमाण्डौं । |
| ४ | **मल्टीपर्पस फाइनान्स लिमिटेड**: राजविराज न.पा ४, सप्तरीमा अवस्थित यस संगठित संस्थाले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५३/१०/१० गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता भै मिति २०५४/१२/१२ गते देखि वित्तीय कारोवार गर्न संचालन गर्दै आई रहको छ । | श्री चन्दन अग्रवाल | अध्यक्ष | जनकपुर वडा नं.५ |
| | | श्री गेहनाथ ढुंगाना | संचालक | बुढानिलकण्ठ काठमाण्डौं |
| | | श्री जय प्रकाश ठाकुर | संचालक | कोचाबखारी ३,सप्तरी |
| | | श्री महेश कुमार सिंह | संचालक | जनकपुर वडा नं. २५ |
| | | श्री अशोक साह | संचालक | कर्जन्हा ६, सिरहा |
| | | श्री गृष्मा श्रेष्ठ, | संचालक | ललितपुर २० |
| ५ | **जे.एफ. सेक्युरिटिज प्रा.लि**: यो कम्पनी सम्बन्धित निकाय बाट अनुमतिपत्र प्राप्त गरी लगानी तथा सेवा उपलब्ध गराउने उदेश्यका साथ दर्ता कायम भई सञ्चालनमा रहेको छ । | श्री बिजय जोशी | अध्यक्ष | सानेपा, ललितपुर |
| | | श्री लोकेन्द्र प्रसाद नुछे प्रधान | संचालक | जवागल, ललितपुर |
| | | श्री नीलम श्रेष्ठ प्रधान | संचालक | जवागल, ललितपुर |
| ६ | **रेन्बो इन्भेष्टमेन्ट एण्ड प्रा.लि**: यो कम्पनी सम्बन्धित निकाय बाट अनुमतिपत्र प्राप्त गरी लगानी तथा सेवा उपलब्ध गराउने उदेश्यका साथ दर्ता कायम भई सञ्चालनमा रहेको छ । | श्री सुमन मान ताम्राकार, | अध्यक्ष | का.म.न.पा.११, काठमाण्डौं |
| | | श्री अनिल श्रेष्ठ, | संचालक | का.म.न.पा.१२, काठमाण्डौं |
| | | श्री नारायण भक्त श्रेष्ठ, | संचालक | भक्तपुर न.पा. १५ |
| | | श्री शिरिष नरसिंह शाक्य, | संचालक | ललितपुर म.न.पा.१६ |
| | | श्री त्रिलोक नरसिंह शाक्य, | संचालक | ललितपुर म.न.पा.१६ |

| | | | | |
|---|---|---|---|---|
| | | श्री कृष्णलाल महर्जन, | संचालक | ललितपुर म.न.पा.१५ |
| | | श्री रुजिल रत्न शाक्य, | संचालक | का.म.न.पा.२२ |

**३) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम |
|---|---|---|
| १. | श्री आङ्ग तेन्जी शेर्पा<br>खिजीदेम्वा ८, ओखलढुङ्गा | • आइसल्याण्ड ट्रेक एण्ड एक्सपेंडीशन प्राइभेट लिमिटेड<br>• रिया नेपाल प्राइभेट लिमिटेड |
| २. | श्री राजेन्द्र गुरुङ्ग<br>खिजीदेम्वा ७, ओखलढुङ्गा | • नेपाल नेचर ट्रेक एण्ड टुर्स प्रा.लि.<br>• टुर लिडर-अल्की टुर्स |
| ३. | श्री रोजेन कुमार क्षेष्ठ<br>ल.पु १०, ललितपुर | • AG Power Company and DAT Engineering Consultancy P Ltd<br>• Rural Energy Development Program, (REDP/UNDP) |
| ४. | श्री रेनुका गुरुङ्ग<br>क.म.न.पा १०, काठमाडौं | • एस डेभलपमेन्ट हुडिङ प्रा.लि. |
| ५. | श्री बिष्णु प्रसाद अधिकारी<br>पोखरा महानगरपालिका, कस्की | • सुपरमादी हाइड्रोपावर लिमिटेड । |
| ६. | श्री धन बहादुर बस्नेत<br>खिजीदेम्वा ८, ओखलढुङ्गा | • स्टार अटो केयर प्रा.लि.<br>• एमटी इंडस्ट्रीज प्रा.लि<br>• पाली रियल इस्टेट प्रा.लि<br>• प्रावधान बहुउद्देश्यीय सहकारी लिमिटेड |
| ७. | श्री डिल्ली बाहादुर गुरुङ्ग<br>केरुङ्ग २ सोलुखुम्बु | • जलशक्ति हाइड्रो प्रा.लि.<br>• हिमल्याण्ड एडभेन्चर ट्रेक प्रा.लि.<br>• मालिंगो इन्टरनेशनल हाउसिङ कम्पनी प्रा.लि.<br>• गोरेटो बहुउद्देश्यीय सहकारी लिमिटेड<br>• निर्देशक-पातले होमस्टे प्रा.लि. |

**कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सचूीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्णरुपमा पालना भएको ।**

**नोटः** संचालक श्री बिष्णु प्रसाद अधिकारीको श्री सुपरमादी हाइड्रोपावर लिमिटेडको शेयरधनी रहनु भएको छ र निजको शेयर स्वामित्व १६१,७०० कित्ता रहेको छ । सो बाहेक उक्त संस्थामा अन्य दायित्व रहेको छैन ।

**४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

आ) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम १ बमोजिम सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोबार :**

१. **संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण** : सो नभएको ।

२. **बुँदा (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका** : आवश्यक नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण** : यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.क संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :**

१. **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | उच्च व्यवस्थापकको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या | अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री नारायण बाबु अधिकारी | प्रमुख कार्यकारी अधिकृत | स्नातक | २०७९/०३/२६ | लेखा तथा विभिन्न हाइड्रोपावर परियोजनाको कार्य अनुभव | १,१२,७०० | ओजिल भेन्चर्स प्रा.लि. रु.५०,००,००० |
| २ | श्री अभिशेष लामिछाने | प्रमुख लेखा | बि.बि.एस | २०७९/०४/१७ | प्रमुख लेखा -टाइगर ब्रुअरी उद्योगमा ४ वर्षको अनुभव प्रमुख लेखा -एभिको इन्टरनेशनल प्रा.लि.मा ३ वर्षको अनुभव प्रमुख लेखा -हिमालयन ब्रुअरी लिमिटेडमा ७ वर्षको कार्य अनुभव | छैन | छैन |
| ३ | निरज श्रेष्ठ | प्रोजेक्ट म्यानेजर | मास्टर्स अफ टेक्नोलोजी (स्ट्रक्चरल इन्जिनियरिङ) | २०८०/११/१४ | प्रोजेक्ट म्यानेजर- नेपा प्रोजेक्ट्स प्रा.लि सिभिल इन्जिनियर-एन्जेल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि लागत इन्जिनियर-सुनम इन्फ्रास्ट्रक्चर निर्माण प्रा. लि (अपर कलङ्गगड हाइड्रो | छैन | छैन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | इलेक्ट्रिक प्रोजेक्ट ३८.४६ मेगावाट, बझाङ) | | |

२. **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको ।

३. **कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १५ | ६ | - | - | - | २१ |

**ग.७.ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

१. **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :** छैन ।

२. **संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) | आर्थिक वर्ष |
|---|---|---|---|---|
| १. | नारायण बाबु अधिकारी | प्रमुख कार्यकारी अधिकृत | पारिश्रमिक भुक्तानी नगरिएको । | आ.व २०८१/८२ |
| २. | अभिशेष लामिछाने | प्रमुख लेखा | ४,५९,६०२ | आ.व २०८१/८२ |
| ३. | निरज श्रेष्ठ | Project manager | २२,८२,१६३ | आ.व २०८१/८२ |

३. **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण** : हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८ अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः** सो नभएको ।

ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घटन गएमा उत्पादन क्षमता घटन सक्ने ।

ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम** : नेपाल विद्युत प्राधिकारणसँग विद्युत खरिद सम्झौता भई सकेको हुनाले हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :** निर्माणको क्रममा आई पर्ने विभिन्न बाधा व्यवधानका कारण आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना रहने भएको हुनाले त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम रहेको ।

ङ) **विदेशी विनिमयको जोखिमः** आयोजना सँग सम्बन्धीत सामानहरु आयात गरि सकिएको र भविष्यमा विदेशि मुद्रामा कारोबार हुने सम्भावना न्युन रहेको कारण विदेशी विनिमयको जोखिम न्युन रहेको ।

**च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** अनुमति वा इजाजत प्राप्त भैसकेको अवस्था विद्यमान भएकोले आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम नरहेको ।

**छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम** : विश्वराजनीति तथा आर्थिक क्षेत्रमा हुन जाने परिवर्तनका कारण क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम रहेको ।

**ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

**झ) संचालन इतिहासको अभाव :** कम्पनीको उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुसँग विभिन्न जलविद्युत आयोजना र पुर्वाधार आयोजना निर्माणको पर्याप्त अनुभव भएकाले यस्तो जाखिम नरहेको ।

**ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखीम :** प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गर्ने सम्झौता भइसकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।

**ट) अन्य :**

- प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेकोछ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरुभन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापकको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनी लि.मा निम्न रकम बराबरको बिमा गरिएको छ ।

| विमा कम्पनीको नाम | जोखिमको किसिम | विमाङ्क रकम (रु.) | बिमा अवधि | बिमा शुल्क (रु.) |
|---|---|---|---|---|
| युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | सम्पत्ती बीमालेख * | ६०९,४४१,४२५ | ०८/०८/२०२५ देखि ०७/०८/२०२६ | १,३४२,९२४.१८ |

* बीमा गरिएका सम्पत्तिहरुको Breakdown निम्नानुसार रहेको छ :

| क्र.स | बीमा गरिएका सम्पत्तिहरु | बीमा रकमा रु. |
|---|---|---|
| १ | सिभिल निर्माण कार्य | २८५,९४४,४४० |
| २ | हाईड्रोइलेक्ट्रिसिटी कार्य | ७०,७६८,७२२ |
| ३ | इलेक्ट्रोमेकानिकल कार्य | १९४,४५६,१९५ |
| ४ | प्रसारण लाईन | ५८,२७२,०६८ |
| | जम्मा | **६०९,४४१,४२५** |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

**ग.९ वित्तीय विवरण**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**१.संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण:** यस कम्पनीको आ.ब.२०८१/८२ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात**

(रु.)

| विवरण | आ.वा २०८१/८२ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पति, उपकरण तथा औजार | ४,२०४,४९४ |
| विकास अन्तर्गत अमूर्त सम्पत्ति | १,२९३,९४७,२५३ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,२९८,१५१,७४७** |
| **चालु सम्पत्ति** | |
| मैज्दात | – |
| व्यापार तथा अन्य प्रप्ती | १,२६६,२३५ |
| Prepayments | ४७,६८४,५०५ |
| चालु कर सम्पत्ति | १०,७२६ |
| नगद तथा नगद बराबर | २४,७६२,५७७ |
| **जम्मा चालु सम्पत्ति** | **७३,७२४,०४२** |
| **जम्मा सम्पत्ति** | **१,३७१,८७५,७८९** |
| **इक्विटी र दायित्वहरु** | |
| **इक्विटी** | |
| शेयर पूँजी | ३२९,०००,००० |
| जगेडा कोष र सचित नाफा | ३९,४४९,३९२ |
| **जम्मा पूंजी** | **३६८,४४९,३९२** |
| **गैर चालु दायित्व** | |
| ऋण तथा सापटी (दीर्घकालीन) | ८२९,१२३,२६५ |
| **जम्मा गैर चालु दायित्व** | **८२९,१२३,२६५** |
| **चालु दायित्व** | |
| ऋण तथा सापटी (अल्पकालिन) | ४०,०००,००० |
| व्यापारिक भुक्तानी | १३,९४६,६६५ |
| अन्य भुक्तानी | १२०,३५६,४६७ |
| चलु कर दायित्व | – |
| **जम्मा चालु दायित्व** | **१७४,३०३,१३२** |

| विवरण | आ.वा २०८१/८२ |
|---|---|
| **जम्मा दायित्वहरु** | **१,००३,४२६,३९७** |
| **जम्मा इक्विटी र दायित्वहरु** | **१,३७१,८७५,७८९** |

**नाफा- नोक्सान हिसाब**

(रु)

| विवरण | आ.वा २०८१/८२ |
|---|---|
| दीर्घकालीन सम्झौताबाट आम्दानी | ५४०,११२,९९२ |
| घटाउ : दीर्घकालीन सम्झौताको लागत | (५१४,३९३,३२५) |
| **कूल नाफा** | **२५,७१९,६६६** |
| अन्य आम्दानी | ६,२२०,००० |
| प्रशासनिक खर्च | ५१३,०९० |
| अन्य खर्च | १५,९६९,८३१ |
| **सञ्चालन बाट नाफा** | **१५,४५६,७४५** |
| वित्तिय लागत | - |
| **आयकर कट्टी अघिको नाफा/(नोक्सान)** | **१५,४५६,७४५** |
| **आयकर खर्च** | |
| अघिल्लो वर्ष सम्म | - |
| चालू वर्ष | - |
| **यस वर्षको नाफा/(नोक्सान)** | **१५,४५६,७४५** |
| Discontinue संचालन नाफा/(नोक्सान) (खुद कर) | - |
| **जगेडा कोष र सचित नाफामा रकम हस्तान्तरण** | **१५,४५६,७४५** |
| अन्य बृहत् आम्दानी | - |
| नाफा/नोक्सान हिसाब खातामा वर्गिकरण गर्नु नपर्ने शिर्षकहरु : | - |
| विदेशी संचालन अनुवाद मा विनिमय भिन्नता, खुद कर | - |
| कर्मचारी लाभ दायित्व मा वास्तविक हानि, खुद कर | - |
| **नाफा/नोक्सान हिसाब खातामा पुनर्मुल्याङ्कन वर्गिकरण गर्न सकिने शिर्षकहरु :** | - |
| कर्मचारी लाभ दायित्व मा वास्तविक हानि, खुद कर | - |
| **नाफा/नोक्सान हिसाब खातामा पुनर्मुल्याङ्कन वर्गिकरण गर्न सकिने शिर्षकहरु :** | - |
| हेजिङ उपकरणको उचित मूल्यमा परिवर्तन, खुद कर र पुनर्वर्गीकरण | - |
| **यस आ.व. को कुल अन्य बृहत आम्दानी (Total Comprehensive Income for the period)** | **१५,४५६,७४५** |
| **प्रति शेयर आम्दानी १०० रुपैया** | |
| साधारण प्रति शेयर आम्दानी | ४.७० |
| डाइलुटेड प्रति शेयर आम्दानी | ४.७० |

**नगद प्रवाह विवरण**

(रु.)

| विवरण | आ.वा २०८१/८२ |
|---|---|
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| कर पछिको नाफा | १५,४५६,७४५ |
| **नगद समायोजन तथा गैर सञ्चालन वस्तु :** | |
| ह्रास कट्टी | १,५११,७३९ |
| वित्तीय लागत | ७२,२५६,१४१ |

| | |
|---|---|
| **कार्यशिल पूँजी परिवर्तन अधिको सञ्चालन नाफा** | **८९,२२४,६२६** |
| **कार्यशिल पूँजी समायोजन :** | |
| मैज्दातमा (बृद्धि)/कमी | |
| व्यापार तथा अन्य प्राप्यमा (बृद्धि)/कमी | ३,९२१,९०० |
| भुक्तानीमा (बृद्धि)/कमी | ८७,१५२,०११ |
| चालु कर सम्पत्तिमा (बृद्धि)/कमी | ३,५०३ |
| व्यापार भुक्तानीमा बृद्धि/(कमी) | ८,०८३,२३६ |
| चालु कर दायित्वमा बृद्धि/(कमी) | - |
| अन्य भुक्तानीमा बृद्धि/(कमी) | ८२,९९०,४४४ |
| **सञ्चालन गतिविधिहरूबाट उत्पन्न/प्रयोग गरिएको नगद** | **१८२,१५१,०९२** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **२७१,३७५,७१८** |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | (१,७५२,६४३) |
| सम्पति, उपकरण तथा औजार खरिद | (५४०,११२,९९२) |
| विकास अन्तर्गत अमूर्त सम्पत्तिमा वृद्धि | - |
| सम्पत्ति प्रयोग गर्ने अधिकारमा कमी | - |
| लगानीको बिक्रीबाट प्रशोधन | |
| **लगानी गतिविधि प्रयोगबाट खुद नगद प्रवाह** | **(५४१,८६५,६३४)** |
| **ग) वित्तिय गतिविधिबाट नगद प्रवाह** | |
| **बृद्धि/(कमी)** | - |
| शेयर पूँजी | - |
| अग्रिम शेयर पूँजी | - |
| उधारो | ३४९,१६५,२६५ |
| वित्तीय लागत | (७२,२५६,१४१) |
| **वित्तिय गतिविधिरूमा प्रयोग गरिएको नगद** | **२७६,९०९,१२४** |
| **नगद तथा नगद बराबर मा खुद बृद्धि** | **६,४१९,२११** |
| नगद तथा नगद बराबरको शुरु मौज्दात | १८,३४३,३६६ |
| नगद तथा नगद बराबरको अन्तिम मौज्दात | २४,७६२,५७७ |
| **नगद तथा नगद बराबरको कुल वृद्धि/(कमी)** | **६,४१९,२११** |

## इक्वीटीमा भएको परिवर्तन

| विवरण | शेयर पूँजी | शेयर आवेदन | जगेडा कोष र सचित नाफा | पूर्ण मूल्याकङ्ग कोष | IFRC12 Reserve | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० मा भएको मैजदात** Restated Balance | **२९१,१००,०००** | **४,९५०,०००** | **(२,४७२,५६७)** | **-** | **१०,२०५,७१६** | **३०३,७८३,१४९** |
| **यस आ.व को नाफा** | - | - | **(९,४३१,६५८)** | - | **२५,६९१,१५४** | **१६,२५९,४९६** |
| Net Revaluation Gain /(Loss) | - | - | - | - | - | - |
| **जम्मा बृहत आम्दानी** | - | - | **(९,४३१,६५८)** | - | **२५,६९१,१५४** | **१६,२५९,४९६** |
| **शेयर होल्डरहरु सँग कारोबार** | - | - | - | - | - | - |
| लाभाश भुक्तानी | - | - | - | - | - | - |
| शेयर पूँजी जारी गरेको रसिद | **३७,९००,०००** | - | - | - | - | **३७,९००,०००** |
| शेयर आवेदनका रकम | - | **(४,९५०,०००)** | - | - | - | **(४,९५०,०००)** |
| **आषाढ ३१, २०८१ मा भएको मैजदात** | **३२९,०००,०००** | - | **(११,९०४,२२५)** | - | **३५,८९६,८७०** | **३५२,९९२,६४५** |
| Restatement on transaction to NFRS | - | - | - | - | - | - |
| **श्रावण १, २०८१ मा भएको मैजदात** Restated Balance | **३२९,०००,०००** | - | **(११,९०४,२२५)** | - | **३५,८९६,८७०** | **३५२,९९२,६४५** |
| यस आ.व को नाफा | | | (१०,२६२,९१९) | | २५,७१९,६६६ | १५,४५६,७४७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Net Revaluation Gain /(Loss) | - | - | - | - | - | - |
| **जम्मा बृहत आम्दानी** | | | (१०,२६२,९१९) | | २५,७१९,६६६ | १५,४५६,७४७ |
| **शेयर होल्डरहरु सँग कारोबार** | | | | | | |
| लाभाश भुक्तानी | - | - | - | - | - | - |
| शेयर पूँजी जारी गरेको रसिद | - | - | - | - | - | - |
| शेयर आबेदनका रकम | - | - | - | - | - | - |
| **आषाढ ३२, २०८२ मा भएको मैजदात** | **३२९,०००,०००** | - | (२२,१६७,१४४) | | ६१,६१६,५३६ | ३६८,४४९,३९२ |

**नोटः**

(क) यस आ.ब.मा विद्युत उत्पादनमा ढीलाई भएका कारणले गर्दा हाल सम्म नेपाल विद्युत प्रधिकरणलाई तिर्नु पर्ने हजना रकम रु २०,३२५,५४५ रहेको छ ।

(ख) हामीले जग्गाहरुको लागि अग्रिम भुक्तानी (Advance for Land) रु ९३,५३,७७८/- भुक्तानी गरेकोमा यी जग्गाहरू हाम्रो परियोजना निर्माणको लागि प्रयोग गरेका छौं र यसको प्रभाव केवल हिसाबकिताबमा पर्न सक्छ, अर्थात् अग्रिम भुक्तानी फछ्र्यौट भए पछि, हाम्रो वासलातमा अग्रिम भुक्तानी बराबरको रकम कुल सम्पत्तिको मौज्दामा गाभिने छ र प्रचलित लेखामान अनुसार परिशोधन (Amortization) हुँदै जाने छ ।

**२. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :**

**वासलात**

(रु.)

| विवरण | आ.वा २०७९/८० | आ.वा २०८०/८१ | आ.वा २०८१/८२ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पति, उपकरण तथा औजार | ४,५३२,७३४ | ३,९६३,५९१ | ४,२०४,४९४ |
| विकास अन्तर्गत अमूर्त सम्पत्ति | २१४,३२०,०३३ | ७५३,८३४,२६२ | १,२९३,९४७,२५३ |
| **जम्मा गैर चालु सम्पत्ति** | **२१८,८५२,७६७** | **७५७,७९७,८५३** | **१,२९८,१५१,७४७** |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | - | - | - |
| व्यापार र अन्य आसामी | २३,८५५,६५० | ५,१८८,१३४ | १,२६६,२३५ |
| भुक्तानीहरु | ७५,२००,६७२ | १३४,८३६,५१५ | ४७,६८४,५०५ |
| चालु कर सम्पत्ति | - | १४,२२९ | १०,७२६ |
| नगद तथा नगद बराबर | १,८४०,५२० | १८,३४३,३६६ | २४,७६२,५७७ |
| **जम्मा चालु सम्पत्ति** | **१००,८९६,८४२** | **१५८,३८२,२४४** | **७३,७२४,०४२** |
| **कुल सम्पत्ति** | **३१९,७४९,६०९** | **९१६,१८०,०९७** | **१,३७१,८७५,७८९** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | २९६,०५०,००० | ३२९,०००,००० | ३२९,०००,००० |
| जगेडा कोष र सचित नाफा | ७,७३३,१४९ | २३,९९२,६४५ | ३९,४४९,३९२ |
| **जम्मा पूंजी** | **३०३,७८३,१४९** | **३५२,९९२,६४५** | **३६८,४४९,३९२** |
| **गैर चालु दायित्व** | | | |
| ऋण तथा सापटी (दीर्धकालीन) | - | ५१९,९५८,००० | ८२९,१२३,२६५ |
| **जम्मा गैर चालु दायित्व** | **-** | **५१९,९५८,०००** | **८२९,१२३,२६५** |
| **चालु दायित्व** | | | |
| ऋण तथा सापटी (अल्पकालिन) | - | - | ४०,०००,००० |
| व्यापारिक भुक्तानी | १,९६७,५१४ | ५,८६३,४२९ | १३,९४६,६६५ |

| विवरण | आ.वा २०७९/८० | आ.वा २०८०/८१ | आ.वा २०८१/८२ |
|---|---|---|---|
| अन्य भुक्तानी | १३,९९८,९४७ | ३७,३६६,०२३ | १२०,३५६,४६७ |
| चालू कर दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **१५,९६६,४६१** | **४३,२२९,४५२** | **१७४,३०३,१३२** |
| **जम्मा दायित्व** | **१५,९६६,४६१** | **५६३,१८७,४५२** | **१,००३,४२६,३९७** |
| **कुल पूँजी तथा दायित्व** | **३१९,७४९,६०९** | **९१६,१८०,०९७** | **१,३७१,८७५,७८९** |

**नाफा- नोक्सान हिसाब**

(रु)

| विवरण | आ.वा २०७९/८० | आ.वा २०८०/८१ | आ.वा २०८१/८२ |
|---|---|---|---|
| दीर्घकालीन सम्झौताबाट आम्दानी | ११३,६०६,२११ | ५३९,५१४,२२९ | ५४०,११२,९९२ |
| घटाउ : दीर्घकालीन सम्झौताको लागत | (१०८,१९६,३९१) | (५१३,८२३,०७५) | (५१४,३९३,३२५) |
| **कूल नाफा** | **५,४०९,८२०** | **२५,६९१,१५४** | **२५,७१९,६६६** |
| अन्य आम्दानी | २५२,८६४ | ४५,००० | ६,२२०,००० |
| प्रशासनिक खर्च | १५६,२०३ | ३०९,२७८ | ५१३,०९० |
| अन्य खर्च | १,९६४,२२४ | ९,१६७,३७९ | १५,९६९,८३१ |
| संचालनबाट नाफा | **३,५४२,२५६** | **१६,२५९,४९७** | **१५,४५६,७४५** |
| वित्तिय लागत | - | - | - |
| **आयकर कट्टी अघिको नाफा/(नोक्सान)** | **३,५४२,२५६** | **१६,२५९,४९७** | **१५,४५६,७४५** |
| आयकर खर्च | - | | |
| -अघिल्लो वर्ष सम्म | - | - | - |
| -चालू वर्ष | - | - | - |
| **यस वर्षको नाफा/(नोक्सान)** | **३,५४२,२५६** | **१६,२५९,४९७** | **१५,४५६,७४५** |
| Discontinue संचालन नाफा/(नोक्सान) (खुद कर) | - | - | - |
| **जगेडा कोष र सचित नाफामा रकम हस्तान्तरण** | **३,५४२,२५६** | **१६,२५९,४९७** | **१५,४५६,७४५** |
| अन्य बृह्त आम्दानी | - | | - |
| नाफा/नोक्सान हिसाब खातामा बर्गिकरण गर्नु नपर्ने शिर्षकहरु : | - | - | - |
| विदेशी संचालन अनुवाद मा विनिमय भिन्नता, खुद कर | - | - | - |
| सम्पत्ति योजना र उपकरणको पुनर्मूल्यांकन, खुद कर | - | - | - |
| कर्मचारी लाभ दायित्व मा वास्तविक हानि, खुद कर | - | - | - |
| **नाफा/नोक्सान हिसाब खातामा पुर्न मुल्याङ्गन बर्गिकरण गर्न सकिने शिर्षकहरु :** | | | - |
| हेजिङ उपकरणको उचित मूल्यमा परिवर्तन, खुद कर र पुनर्वर्गीकरण | | | - |
| **यस आ.व. को कुल अन्य बृह्त आम्दानी (Total Comprehensive Income for the period)** | **३,५४२,२५६** | **१६,२५९,४९७** | **१५,४५६,७४५** |
| **प्रति शेयर आम्दानी १०० रुपैया** | | | |
| **साधारण प्रति शेयर आम्दानी** | २.३३ | ५.४२ | ४.७० |
| **डाइलुटेड प्रति शेयर आम्दानी** | २.३३ | ५.४२ | ४.७० |

## नगद प्रवाह विवरण

(रु)

| विवरण | आ.वा २०७९/८० | आ.वा २०८०/८१ | आ.वा २०८१/८२ |
|---|---|---|---|
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| कर पछिको नाफा | ३,५४२,२५६ | १६,२५९,४९७ | १५,४५६,७४५ |
| नगद समायोजन तथा गैर सञ्चालन वस्तु : | | | |
| ह्रास कट्टी | ७२१,१७४ | १,७०५,४६८ | १,५११,७३९ |
| वित्तीय लागत | १८,८९७ | ३०,५६८,१११ | ७२,२५६,१४१ |
| **कार्यशिल पूँजी परिवर्तन अधिको सञ्चालन नाफा** | **४,२८२,३२८** | **४८,५३३,०७६** | **८९,२२४,६२६** |
| **कार्यशिल पूँजी समायोजन :** | | | |
| व्यापार तथा अन्य प्राप्यमा (बृद्धि)/कमी | ९९५,०२९ | १८,६६७,५१६ | ३,९२१,९०० |
| भुक्तानीमा (बृद्धि)/कमी | (७१,०९३,७३२) | (५९,६३५,८४३) | ८७,१५२,०११ |
| चालु कर सम्पत्तिमा (बृद्धि)/कमी | - | (१४,२२९) | ३,५०३ |
| व्यापार भुक्तानीमा बृद्धि/(कमी) | (३,८४१,५५३) | ३,८९५,९१५ | ८,०८३,२३६ |
| चालु कर दायित्वमा बृद्धि/(कमी) | - | - | - |
| अन्य भुक्तानीमा बृद्धि/(कमी) | १०,७०७,१८० | २३,३६७,०७६ | ८२,९९०,४४४ |
| **सञ्चालन गतिविधिहरूबाट उत्पन्न/प्रयोग गरिएको नगद** | **(६३,२३३,०७७)** | **(१३,७१९,५६४)** | **१८२,१५१,०९२** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(५८,९५०,७४९)** | **३४,८१३,५१२** | **२७१,३७५,७१८** |
| **ख) लगानी गतिविधिको नगद प्रवाह** | | | (१,७५२,६४३) |
| सम्पति, उपकरण तथा औजार खरिद | (३,६४९,१७०) | (१,१३६,३२५) | (५४०,११२,९९२) |
| विकास अन्तर्गत अमूर्त सम्पत्तिमा वृद्धि | (११३,६०६,२०९) | (५३९,५१४,२२९) | - |
| सम्पत्ति प्रयोग गर्ने अधिकारमा कमी | - | - | - |
| लगानीको बिक्रीबाट प्रशोधन | - | - | |
| **लगानी गतिविधि प्रयोगबाट खुद नगद प्रवाह** | **(११७,२५५,३७९)** | **(५४०,६५०,५५४)** | **(५४१,८६५,६३४)** |
| **ग) वित्तिय गतिविधिबाट नगद प्रवाह** | | | |
| **बृद्धि/(कमी)** | | | - |
| शेयर पूँजी | १७५,०००,००० | ३२,९५०,००० | - |
| अग्रिम शेयर पूँजी | २,१९०,००० | - | - |
| उधारो | - | ५१९,९५८,००० | ३४९,१६५,२६५ |
| वित्तीय लागत | - | (३०,५६८,१११) | (७२,२५६,१४१) |
| **वित्तिय गतिविधिरूमा प्रयोग गरिएको नगद** | १७७,१९०,००० | **५२२,३३९,८८९** | **२७६,९०९,१२४** |
| **नगद तथा नगद बराबर मा खुद बृद्धि** | ९८३,८७२ | **१६,५०२,८४६** | **६,४१९,२११** |
| नगद तथा नगद बराबरको शुरु मौज्दात | ८५६,६४८ | १,८४०,५२० | १८,३४३,३६६ |
| नगद तथा नगद बराबरको अन्तिम मौज्दात | १८४०,५२० | १८,३४३,३६६ | २४,७६२,५७७ |
| **नगद तथा नगद बराबरको कुल वृद्धि/(कमी)** | **९८३,८७२** | **१६,५०२,८४६** | **६,४१९,२११** |

## इक्वीटीमा भएको परिवर्तन

| विवरण | शेयर पूँजी | शेयर आवेदन | जगेडा कोष र सचित नाफा | पूर्ण मूल्याकङ्ग कोष | IFRC12 Reserve | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७९ मा भएको मैजदात** | ११६,१००,००० | २,७६०,००० | - | - | - | ११८,८६०,००० |
| Restatement on transaction to NFRS | - | - | (६०५,००४) | - | ४,७९५,८९६ | ४,१९०,८९२ |
| **श्रावण १, २०७९ मा भएको मैजदात** Restated Balance | **११६,१००,०००** | **२,७६०,०००** | **(६०५,००४)** | **-** | **४,७९५,८९६** | **१२३,०५०,८९२** |
| **यस आ.व को नाफा** | - | - | (१,८६७,५६३) | - | ५,४०९,८२० | ३,५४२,२५६ |
| Net Revaluation Gain /(Loss) | - | - | - | - | - | - |
| **जम्मा बृहत आम्दानी** | - | - | (१,८६७,५६३) | - | ५,४०९,८२० | ३,५४२,२५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शेयर होल्डरहरु सँग कारोबार | - | - | - | - | - | - |
| लाभाश भुक्तानी | - | - | - | - | - | - |
| शेयर पूँजी जारी गरेको रसिद | १७५,०००,००० | - | - | - | - | १७५,०००,००० |
| शेयर आबेदनका रकम | - | २,१९०,००० | - | - | - | २,१९०,००० |
| **आषाढ ३१, २०८० मा भएको मैजदात** | **२९१,१००,०००** | **४,९५०,०००** | **(२,४७२,५६७)** | **-** | **१०,२०५,७१६** | **३०३,७८३,१४९** |
| Restatement on transaction to NFRS | - | - | - | - | - | - |
| **श्रावण १, २०८० मा भएको मैजदात** Restated Balance | **२९१,१००,०००** | **४,९५०,०००** | **(२,४७२,५६७)** | **-** | **१०,२०५,७१६** | **३०३,७८३,१४९** |
| **यस आ.व को नाफा** | - | - | (९,४३१,६५८) | - | २५,६९१,१५४ | १६,२५९,४९६ |
| Net Revaluation Gain /(Loss) | - | - | - | - | - | - |
| **जम्मा बृहत आम्दानी** | - | - | (९,४३१,६५८) | - | २५,६९१,१५४ | १६,२५९,४९६ |
| **शेयर होल्डरहरु सँग कारोबार** | - | - | - | - | - | - |
| लाभाश भुक्तानी | - | - | - | - | - | - |
| शेयर पूँजी जारी गरेको रसिद | ३७,९००,००० | - | - | - | - | ३७,९००,००० |
| शेयर आबेदनका रकम | - | (४,९५०,०००) | - | - | - | (४,९५०,०००) |
| **आषाढ ३१, २०८१ मा भएको मैजदात** | **३२९,०००,०००** | **-** | **(११,९०४,२२५)** | **-** | **३५,८९६,८७०** | **३५२,९९२,६४५** |
| Restatement on transaction to NFRS | - | - | - | - | - | - |
| **श्रावण १, २०८१ मा भएको मैजदात** Restated Balance | **३२९,०००,०००** | **-** | **(११,९०४,२२छ)** | **-** | **३५,८९६,८७०** | **३५२,९९२,६४५** |
| यस आ.व को नाफा | | | (१०,२६२,९१९) | | २५,७१९,६६६ | १५,४५६,७४७ |
| Net Revaluation Gain /(Loss) | - | - | - | - | - | - |
| **जम्मा बृहत आम्दानी** | | | (१०,२६२,९१९) | | २५,७१९,६६६ | १५,४५६,७४७ |
| **शेयर होल्डरहरु सँग कारोबार** | | | | | | |
| लाभाश भुक्तानी | - | - | - | - | - | - |
| शेयर पूँजी जारी गरेको रसिद | - | - | - | - | - | - |
| शेयर आबेदनका रकम | - | - | - | - | - | - |
| **आषाढ ३२, २०८२ मा भएको मैजदात** | **३२९,०००,०००** | **-** | (२२,१६७,१४४) | | ६१,६१६,५३६ | ३६८,४४९,३९२ |

**नोटः**

**(क) विगत ३ आ.व. मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्ब गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरणः**

कम्पनीले विगत तीन वर्षमा लेखा नीतिमा गरेको छैन । यद्यपि विगत वर्षहरुमा Generally Accepted Account Principle (GAP) आधारमा कारोवारहरुको लेखाङ्कनको गर्दै आएको प्रचलित नेपाल लेखामनको व्यवस्था बमोजिम कम्पनीको कर्जा रकम रु ५० करोड भन्दा माथि हुन गएको करण आ.व.२०८०/८१ देखि अनिवार्य रुपमा Nepal Financial Reporting Standard (NFRS) अवलम्बन गर्नु पर्ने व्यवस्था भएको र सोहि अनुरुप आ.व. २०७९/८० तथा आ.व. २०७८/७९ समेत वित्तिय विवरणहरु Restate गरेको छ। सो बाट कम्पनीको समग्र वित्तिय अवस्थामा पर्ने गएको प्रभाव सम्बन्धी विवरण निम्न अनुसार रहेको ।

| विवरण | आ.व.२०७९/८० रकम (रू.) | आ.व.२०८०/८१ रकम (रू.) |
|---|---|---|
| Revenue from Long Term Contract | ११३,६०६,२११ | ५३९,५१४,२२९ |
| Cost of Long Term Contract | १०८,१९६,३९१ | ५१३,८२३,०७५ |
| Profit from Long Term Contract | ५,४०९,८२० | २५,६९१,१५४ |

साथै NFRS को कार्यान्वयन पछि, हाम्रो कम्पनी सेवा सहुलियत व्यवस्था अन्तर्गत रहेकोले, IFRIC १२ को कोष्टक भित्र पर्दछ । त्यसैले, असार, २०८२ को अन्त्यसम्म, हामीले लागू हुने वित्तीय प्रतिवेदन ढाँचा अनुसार NPR.६१,६१६,५३६ को IFRIC रिजर्भ पहिचान गरेका छौं ।

(ख) **आयोजना/परियोजना भएको अवस्थामा व्याजको पूँजीकरण सम्बन्धी विवरण समबन्धमा :**

आयोजना/परियोजना भएको अवस्थामा कम्पनीले २०८२ आषाढ महिना सम्मा रु १०३,०२७,७६६ व्याज रकमको पूँजीकरण गरेको छ ।

(ग) **अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको सम्बन्धमा सम्बन्धि विवरण** : सो नभएको ।

(घ) **संभावित दायित्व तथा सो बाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरणः**

| Bank Name | Purpose | Issued in favor of | Expiry Date | Guarantee Amount |
|---|---|---|---|---|
| Himalayan Bank Ltd | Exim Code BG | Department of Customs | September 20, 2026 | 300,000 |
| Himalayan Bank Ltd | Performance Bond | Nepal Electricity Authority | February 5, 2026 | 3,600,000 |
| **Total** | | | | **3,900,000** |

(ङ) आ.व.२०७९/८० को लेखापरीक्षण प्रतिवेदनमा उच्च व्यवस्थापनको पारिश्रमिकलाई साधारण सभामा परित नभएको भनि उल्लेख भएको गैर अनुपालना सम्बन्धी कैफियतको रहेकोमा त्यस पश्चात बसेको वार्षिक साधारण सभाले उक्त पारिश्रमिकलाइ अनुमोदन गरिएको छ ।

(च) आ.व. २०८०/८१ तथा आ.व. २०८१/८२ को वित्तीय विवरणमा उल्लेख भएको प्रति शेयर आम्दानी गणना विधि निम्नानुसार रहेको छः

| विवरण | आ.ब. २०८१/०८२ | आ.ब. २०८१/०८२ |
|---|---|---|
| **यस वर्षको नाफ/(नोक्सान)** | **१५,४५६,७४५** | **१६,२५९,४९७** |
| शुरु शेयर संख्या | ३,२९०,००० | २,९११,००० |
| यस वर्ष जारी शेयर संख्या | - | ३७९,००० |
| **जम्मा शेयर संख्या** | **३,२९०,०००** | **३,२९०,०००** |
| **Weighted Agerage शेयर संख्या** | ३,२९०,००० | **३,००२,३७५** |
| प्रतिशेयर आम्दानी रु | ४.७० | ५.४२ |

३. **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाटप्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :** सो नभएको ।

४. **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण** :सो नभएको ।

५. **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान,सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :**
विभिन्न समयमा आयोजना स्थलमा सुक्खा पहिरो, वर्षायाम र स्थानीय अवरोधले गर्दा आयोजना निर्माणमा समय लम्बिन गएकोमा उक्त घटनाहरुलाई समाधान गर्दै कम्पनीले आयोजना निर्माणलाई अघि बढाउदै आएको छ ।

६. **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको।

७. **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य(ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

८. **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

## वासलात

(रु.हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.वा २०८२/८३ | आ.वा २०८३/८४ | आ.वा २०८४/८५ |
| **कोषका स्रोतहरू** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४७०,००० | ४७०,००० | ४७०,००० |
| जगेडा कोष र सचित नाफा | ५१,९७० | ९३,५९३ | १४५,०९८ |
| **जम्मा पूंजी** | **५२१,९७०** | **५६३,५९३** | **६१५,०९८** |
| **ऋण कोष** | | | |
| असुरक्षित ऋण (ब्रिज ग्याप) | - | - | - |
| सुरक्षित बैंक ऋण-अवधि ऋण | ८६०,८१३ | ८१५,३०८ | ७६५,०७९ |
| **जम्मा ऋण कोष** | **८६०,८१३** | **८१५,३०८** | **७६५,०७९** |
| **जम्मा दायित्व** | **१,३८२,७८३** | **१,३७८,९०१** | **१,३८०,१७७** |
| | | | |
| **कोषको उपयोगहरु** | | | |
| **स्थिर सम्पत्ति (क)** | १,३८१,३८५ | १,३८१,३८५ | १,३८१,३८५ |
| घटाउ : ह्रासकट्टी र परिशोधन | ४९,८०३ | ९४,४६४ | १३९,१२५ |
| **Net Block** | **१,३३१,५८२** | **१,२८६,९२१** | **१,२४२,२६०** |
| | | | |
| **निमार्ण कार्य प्रगति (ख)** | - | - | - |
| **परियोजना विकास लागत (ग)** | - | - | - |
| प्रारम्भिक खर्चहरू * | - | - | - |
| **चालु सम्पत्ति** | **२७७,६७१** | **२०९,४८८** | **२२५,९५६** |
| नगद तथा बैंक बराबर | २४७,१४६ | १७२,७४९ | १८२,७९२ |
| Accounts Receivables | २२,६३४ | २३,२९८ | २३,९९७ |
| Repair & Maint. Reserve (Bank Balance) | ५,५०८ | ११,१७७ | १७,०१६ |
| Advances & Deposits | २,३८३ | २,२६४ | २,१५१ |
| **घटाउ :चालु दायित्व** | **२२६,४७०** | **११७,५०९** | **८८,०३९** |
| Loan and Borrowings | ४०,००० | २०,००० | |
| Bridge Gap Loan | ७८,८०२ | | - |
| Accounts Payable | १०७,४१८ | ९६,६७६ | ८७,००८ |
| कर्मचारी बोनस भुक्तानी | २५० | ८३२ | १,०३० |
| लाभांश भुक्तानी | - | - | - |
| आयकर भुक्तानी | - | - | - |
| **खुद कार्य पूँजी** (चालु सम्पत्ति -चालू दायित्व) (ङ) | **५१,२०१** | **९१,९८०** | **१३७,९१७** |
| | | | |
| **जम्मा सम्पत्ति (क+ख+ग+घ+ ङ)** | **१,३८२,७८३** | **१,३७८,९०१** | **१,३८०,१७७** |

## नाफा- नोक्सान हिसाब

(रु.हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.वा २०८२/८३ | आ.वा २०८३/८४ | आ.वा २०८४/८५ |
| **विजुली बिक्रीबाट आम्दानी** | | | |
| विजुली बिक्री | १८३,५९१ | १८८,९७३ | १९४,६४० |
| दीर्घकालीन सम्झौताबाट आएको राजस्व | - | - | - |
| दीर्घकालीन सम्झौताको कम लागत | - | - | - |
| **खुद आय** | **१८३,५९१** | **१८८,९७३** | **१९४,६४०** |
| **अन्य आय** | | | |
| **घटाउः संचालन लागत** | | | |
| संचालन खर्च | ८,८१७ | ९,०८२ | ९,३५४ |
| विद्युत नोक्सनी हर्जना | २०,३२६ | | |
| बिमा खर्च | २,७६३ | २,७६३ | २,७६३ |
| एजेन्सी शुल्क (बैंक) | १,२९१ | १,२२३ | १,१४८ |
| सरकारलाई तिरेको रोयल्टी | ४,२७२ | ४,३७९ | ४,४९३ |
| स्थिर सम्पत्तीमा ह्रासकट्टी | ४४,६६१ | ४४,६६१ | ४४,६६१ |
| प्रारम्भिक खर्चहरू * | - | - | - |
| दीर्घकालीन ऋणमा ब्याज | ८८,६९० | ८४,४१० | ७९,६८६ |
| **जम्मा खर्च** | **१७०,८२०** | **१४६,५१८** | **१४२,१०५** |
| **बोनस र कर अघि नाफा** | **१२,७७१** | **४२,४५५** | **५२,५३६** |
| कर्मचारीलाई बोनस | २५० | ८३२ | १,०३० |
| **कर अघि खुद नाफा** | **१२,५२१** | **४१,६२३** | **५१,५०६** |
| घटाउः | | | |
| आयकर | - | - | - |
| **आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)** | **१२,५२१** | **४१,६२३** | **५१,५०६** |
| Balance Brought forward | **३९,४४९** | **५१,९७०** | ९३,५९३ |
| घटाउ: लाभांशको व्यवस्था | - | - | - |
| **वासलातमा ब्यालेन्स ट्रान्सफर** | **५१,९७०** | **९३,५९३** | **१४५,०९८** |

| | | | |
|---|---|---|---|
| लाभांश दर | ०% | ०% | ०% |
| शेयर पूंजी | ४७०,००० | ४७०,००० | ४७०,००० |
| लाभांशको लागि रकम | - | - | - |

## नगद प्रवाह विवरण

(रु.हजारमा)

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.वा २०८२/८३ | आ.वा २०८३/८४ | आ.वा २०८४/८५ |
| **सञ्चालन गतिविधि** | | | |
| असाधारण खर्च भन्दा पहिले बृद्धि/(कमी) | १२,५२१ | ४१,६२३ | ५१,५०६ |
| जोडः ह्रासकट्टी र परिशोधन | ४४,६६१ | ४४,६६१ | ४४,६६१ |
| कार्यशील पूँजीमा परिवर्तन हुनु अघि सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह | **५७,१८२** | **८६,२८४** | **९६,१६७** |
| **कार्यशील पूँजीमा परिवर्तन** | | | |
| चालु सम्पत्तिमा बृद्धि/(कमी) | १८,४०५ | (६,२१४) | (६,४२५) |
| चालु दाहित्वमा बृद्धि/(कमी) | (१०५,४०६) | (१०८,९६२) | (२९,४७०) |
| **सञ्चालनबाट नगद प्रवाह** | **(८७,००१)** | **(११५,१७६)** | **(३५,८९५)** |
| **सञ्चालन गतिविधिहरूबाट खुद नगद प्रवाह** | **(२९,८१९)** | **(२८,८९२)** | **६०,२७२** |
| **लगानी गतिविधिहरुः** | | | |
| स्थीर सम्पत्तिको बिक्री/(खरीद) | (१,३७२,०३९) | - | - |
| निर्माण कार्य प्रगतिमा (वृद्धि)/कमि | १,२९३,९४७ | - | - |
| लगानीमा (वृद्धि)/कमि | - | - | - |
| परियोजना विकास लागतमा (वृद्धि)/कमि | - | - | - |
| प्रारम्भिक खर्चमा (वृद्धि)/कमि | - | - | - |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | **(७८,०९१)** | **-** | **-** |
| **वित्तिय गतिविधिबाट** | | | |
| शेयर पूँजीमा वृद्धि/(कमि) | १४१,००० | - | - |
| असुरक्षित उधारोमा वृद्धि/(कमि) | - | - | - |
| बैंक उधारो (ऋण) मा वृद्धि/(कमि) | १८९,२९४ | (४५,५०५) | (५०,२२९) |
| लाभांश भुक्तान | - | - | - |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **३३०,२९४** | **(४५,५०५)** | **(५०,२२९)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **२२२,३८४** | **(७४,३९७)** | **(१०,०४३)** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २४,७६३ | २४७,१४६ | **१७२,७४९** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२४७,१४६** | **१७२,७४९** | **१८२,७९२** |

## प्रक्षेपति आ.व.२०८२/०८३, २०८३/०८४ र २०८४/०८५ को

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

(रु.हजारमा)

| विवरण | शेयर पूँजी | जगेडा कोष र सचित नाफा | पूर्ण मूल्याकङ्ग कोष | IFRC12 Reserve | जम्मा |
|---|---|---|---|---|---|
| **श्रावण १, २०८२ को मौज्दात** | ३२९,००० | (२२,१६७) | - | ६१,६१७ | ३६८,४५० |
| यस आ.व.को शेयर जारी रकम | १४१,००० | - | - | - | १४१,००० |
| यस आ.व. २०८२/०८३ को नाफा | - | १२,५२१ | - | - | १२,५२१ |
| लाभाश भुक्तानी | - | - | - | - | - |
| **आषाढ मसान्त, २०८३ को मौज्दात** | ४७०,००० | (९,६४६) | - | ६१,६१७ | **५२१,९७१** |
| यस आ.व.को शेयर जारी रकम | - | - | - | - | - |
| यस आ.व. २०८३/०८४ को नाफा | | ४१,६२३ | - | - | ४१,६२३ |

| विवरण | शेयर पूँजी | जगेडा कोष र सचित नाफा | पूर्ण मूल्याकङ्ग कोष | IFRC12 Reserve | जम्मा |
|---|---|---|---|---|---|
| लाभाश भुक्तानी | - | - | - | - | - |
| **आषाढ मसान्त, २०८४ को मौज्दात** | ४७०,००० | ३१,९७६ | - | ६१,६१७ | ५६३,५९३ |
| यस आ.व.को शेयर जारी रकम | - | - | - | - | - |
| यस आ.व. २०८४/०८५ को नाफा | - | ५१,५०६ | - | - | ५१,५०६ |
| लाभाश भुक्तानी | - | - | - | - | - |
| **आषाढ मसान्त, २०८५ को मौज्दात** | ४७०,००० | ८३,४८२ | - | ६१,६१७ | ६१५,०९९ |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

- विद्युत् बिक्रीबाट प्राप्त आय गणना गर्दा नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ ।
- विद्युत बिक्री दर विद्युत खरिद बिक्री सम्झौताका बमोजिम ६ मे.वा. ५ वर्ष सम्म ३ प्रतिशतको दरले बृद्धि गरिएको छ ।
- प्रक्षेपित गरिएको आ.व. मा नेपाल सरकारलाई तिरिने रोयल्टी निम्न अनुसार गणना गरिएको छ ।
- क) १ वर्ष देखि १५ वर्ष सम्म ६००० कि.वा को रु १०० का दरले हुन आउने रकम विद्युत बिक्रीबाट प्रप्त आम्दानीका २ प्रतिशतले हुन आउने रकम को जोड ।
- ख) १६ वर्ष देखि ३० वर्ष सम्म ६००० कि.वा को रु १००० का दरले हुन आउने रकम विद्युत बिक्रीबाट प्रप्त आम्दानीका १० प्रतिशतले हुन आउने रकम को जोड ।
- जलविद्युत् परियोजनाको ह्रासकट्टी परियोजनाको अनुमानित सञ्चालन देखि लाइसेन्स अवधि सम्ममा Straight Line Method (SLM) मा गरिएको छ । साथै, अन्य स्थिर सम्पत्ति (जग्गा बाहेको) हकमा ह्रासकट्टी अनुमानित सञ्चालन देखि लाइसेन्स अवधि सम्ममा Straight Line Method (SLM) मा गरिएको छ ।
- प्रशासनिक खर्च हरेक वर्ष औषतमा ३ प्रतिशतको दरले बृद्धि हुने गणना गरिएको छ ।
- बैक ऋणको औषत व्याज दर १०% रहने प्रक्षेपण गरिएको छ ।
- कम्पनीले आ.व. २०८२/८३ मा सर्वसाधारणलाई छुट्याइएको शेयर निष्काशन गर्ने योजना रहेको छ ।
- कर्मचारी बोनस खर्च वार्षिक खुद नाफाको २ प्रतिशत गणना गरिएको छ ।
- कम्पनीले बैंकमा रहेको ब्याज आम्दानी गरे बापत प्राप्त हुने आयलाई अन्य आम्दानीको रुपमा गणना गरिएको छ ।
- बैंक ब्याज दरमा डिस्काउण्ट दर मानि वित्तिय परिसुचक गणना गरिएको छ ।
- नेपाल सरकार नियम अनुसार जलविद्युत आयोजनाहरुमा विद्युत उत्पादन भएको मितिले १० वर्ष सम्म आयकरमा शतप्रतिशत छुट र अगामी ५ वर्ष सम्म आयकरमा ५० प्रतिशत छुट हुने व्यवस्था रहेको छ ।
- यस निष्काशनकर्ता संस्थाबाट प्रवर्द्धित आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (Required Commercial Operation Date, RCOD) को तुलनामा ढिला उत्पादन हुन गएमा PPA मा उल्लेख भए अनुसारको वार्षिक मूल्यवृद्धिको संख्यामा हुने कटौति (Price Escalation) बाट कम्पनीमा पर्न जाने प्रभावलाई समेत आधारमा लिई तयार गरिएको प्रक्षेपित वित्तीय विवरण तयार गरिएको छ ।
- आवश्यक व्यावसायिक सञ्चालन मिति (RCOD) २०८०/०१/१७ (अप्रिल ३०, २०२३) मा थियो जुन PPA सम्झौता खण्ड १.१ (ज) मिति २०८०-०६-२९ को संशोधनमा आधारित छ । PPA खण्डले COD को तुलनामा RCOD १८ महिनाभन्दा बढी ढिलो र ३० महिनाभन्दा बढी नहुने व्यवस्था गर्दछ, कम्पनी राजस्व दरमा ३ गुणा वृद्धिको लागि मात्र योग्य हुन्छ । ढिलो अवधि लगभग ३० महिना अनुमान गरिएको छ। हामीले अनुमान गरेको राजस्व वृद्धिको तीन गुणा मात्र गणना गरिएको छ । ढिलाइको कारणले गुमेको राजस्व प्रक्षेपणको वर्ष १ मा २०,२३६ NPR ("०००" मा) जरिवाना लगाइएको थियो ।

- लेखापरीक्षण भएको वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा बृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा बृद्धि/घटि, सम्पत्तिमा बृद्धि/घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिका:

| विवरण | वास्तविक ( लेखापरिक्षण भएको) | प्रक्षेपित | | | वास्तविक विवरणको आधरमा प्रक्षेपित विवरणमा परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **आम्दानी** | | | | | | | |
| दीर्घकालिन करारबाट | ५,४०,११३ | १८३,५९१ | १८८,९७३ | १९४,६४० | १.२६% | ६६.४०% | ६४% |
| अन्य आम्दनी | ६,२२० | | | | | | |
| **खर्चहरु** | | | | | | | |
| दिर्घकालिन करार सम्बन्धि खर्च | ५१४,३९३ | | | | ०.११% | | |
| संचालन खर्च | १६,४८३ | १७०,८२० | १४६,५१८ | १४२,१०५ | ७३.९३% | -९३६.३४% | -७६२% |
| कमचारी बोनस (२%) | | २५० | ८३२ | १,०३० | | | |
| **आयकर अघिको आम्दानी** | **१५,४५७** | **१२,५२१** | **४१,६२३** | **५१,५०६** | **-४.९४%** | **१९%** | **-२३३%** |
| आयकर | - | - | - | - | | | |
| **खुद मुनाफा** | **१५,४५७** | **१२,५२१** | **४१,६२३** | **५१,५०६** | | | |
| गैह्रचालु सम्पत्ति | **१२,९८,१५२** | **१३,३१,५८२** | **१२,८६,९२१** | **१२,४२,२६०** | ७१.३१% | -२.५८% | ४% |
| चालु सम्पत्ति | **७३,६९३** | **२७७,६७१** | **२०९,४८८** | **२०२,४५६** | -५३.४७% | -२७६.७९% | -१७५% |
| **जम्मा सम्पत्ति** | **१३,७१,४७५** | **१६,०९,२५४** | **१४,९६,४०९** | **१४,४४,७१६** | **४९.७४%** | **-१७.३१%** | **-५%** |

**कारणहरु:**

१. आयोजनाको निमार्ण अवधिको IFRIC 12 अनुसार वास्तविक आम्दनी लेखाङ्कन गरिएको हुनाले दिर्घकालिन करारबाट आम्दानी भएको परिवर्तन ।

२. आयोजनाको निमार्ण अवधिको IFRIC 12 अनुसार वास्तविक खर्च लेखाङ्कन गरिएको हुनाले दिर्घकालिन करार सम्बन्धि खर्चमा भएको परिवर्तन ।

३. आयोजनाको निमार्ण अवधिको संचालन खर्च तथा सो पश्चातको नियमित संचलन तथा व्यवस्थवपन खर्च लेखाङ्कन गरिएको हुनाले संचालन खर्चमा भएको परिवर्तन ।

४. कर्मचारी बोनस (२%) व्यवस्था गरिएको हुनाले ।

५. उपरोक्त बमोजिमका आम्दानी तथा खर्चहरुको प्रभावको कारण आयकर अघिको आम्दानी भएको प्रभाव ।

६. आयोजनाको निमार्ण अवधिको खर्च पूँजीकृत गरि सो पश्चातको ह्रासखर्चको लेखाङ्कन गरिएको हुनाले गैह्रचालु सम्पत्तिमा परिवर्तन ।

७. आयोजनाको खर्च पुजीकरण गर्दा भएको बृद्धिका कारण चालु सम्पत्तिमा परिवर्तन ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**१. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.६१ | १०७.२९ | १११.९९ | १११.०६ | ११९.९१ | १३०.८७ |
| प्रति शेयर आम्दानी (रु.) | २.३३ | ५.४२ | ४.७० | २.६६ | ८.८६ | १०.९६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जगेडा तथा कोषहरु ( रु.हजारमा) | ७,७३३ | २३,९९३ | ३९,४४९ | ५१,९७० | ९३,५९३ | १४५,०९८ |

ख) विगत तीन वर्षको नेटवर्थमा भएको औसत प्रतिफल

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | **आ.व.** | **आ.व.** |
| | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| चुक्ता शेयर पूँजी (रु. हजारमा) शेयर आवेदन रकम बाहेक | २९६,०५० | ३२९,००० | ३२९,००० | ४७०,००० | ४७०,००० | ४७०,००० |
| जगेडा तथा कोषहरु (रु. हजारमा) | ७,७३३ | २३,९९३ | ३९,४४९ | ५१,९७० | ९३,५९३ | १४५,०९८ |
| **जम्मा पूँजी (रु. हजारमा)** | **३०३,७८३** | **३५२,९९३** | **३६८,४४९** | **५२१,९७०** | **५६३,५९३** | **६१५,०९८** |
| न्युनः मूल्याङ्कन जगेडा (Revaluation Reserve) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ पूनः मूल्याङ्कन जगेडा (Revaluation Reserve) बाहेक** | **३०३,७८३** | **३५२,९९३** | **३६८,४४९** | **५२१,९७०** | **५६३,५९३** | **६१५,०९८** |
| शेयर संख्या (हजारमा) | २,९६०.५० | ३,२९०.०० | ३,२९०.०० | ४,७००.०० | ४,७००.०० | ४,७००.०० |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.६१ | १०७.२९ | १११.९९ | १११.०६ | ११९.९१ | १३०.८७ |
| खुद नाफा/(नोक्सान) (हजारमा) | ३,५४२ | १६,२५९ | १५,४५७ | १२,५२१ | ४१,६२३ | ५१,५०६ |
| प्रति शेयर आम्दानी (रु.) | २.३३ | ५.४२ | ४.७० | २.६६ | ८.८६ | १०.९६ |
| नेटवर्थमा प्रतिफल (%) | २.२७% | ५.०५% | ४.२०% | २.४०% | ७.३९% | ८.३७% |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० |

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था के.एम.यु एण्ड एसोसिएटस् बाट प्रमाणित गरिएको छ ।

प्रक्षेपण प्रतिवेदनका आधारमा आर्थिक वर्ष २०७९/८० मा प्रति शेयर नेटवथ रु. १०२.६१ बाट बढेर आर्थिक वर्ष २०८४/८५ मा १३०.८७ पुग्ने प्रक्षेपण रहेको छ । वास्तविक वित्तीय विवरणका आधारमा आर्थिक वर्ष २०७९/८० मा प्रति शेयर आम्दानी रु. २.३३ बढेर आर्थिक वर्ष २०८४/८५ मा १०.९६ पुग्ने प्रक्षेपण गरिएको छ ।

IFRIC १२ को सहुलियत व्यवस्थाको आधारमा प्रक्षेपण वर्ष लेखापरीक्षण वर्षमा अनुमानित राजस्व उत्पन्न भएको कारणले गर्दा EPS मा प्रमुख परिवर्तन आएको हो ।

सकारात्मक प्रक्षेपणात्मक वित्तीय विवरण, पर्याप्त IRR, उचित भुक्तानी अवधि, सकारात्मक खुद वर्तमान मूल्य र पर्याप्त ऋण सेवा रूपान्तरण अनुपातले प्रस्तावित आयोजनाको सञ्चालन अबधिको आर्थिक अवस्था सवल देखाउँछ ।

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क धितोपत्र जारी गर्नुको उद्देश्य :

- कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको ३०% शेयर सर्वसाधारण, अयोजना प्रभावित क्षेत्रका बासिन्दा, सामुहिक लगानी कोष बैदेशिक श्रम स्वृकीति पई विदेशमा रहेका व्यक्ती र कर्मचारी का छुट्याइएको छ जुन १०० का दरले १४,१०,००० कित्ता साधारण शेयरान विभाजन गरिएको छ ,
- कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
- हिमालयन बैंक लिमिटेडको ऋण भुक्तानी गर्नको लागि आवश्यक पर्ने पूँजी संकलन गर्ने ।

### ग.१०.ख धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :

**१. निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

| सि. नं. | विवरण | उपयोग रकम (रु) |
|---|---|---|
| १ | हिमालयन बैंक लिमिटेडको ऋण भुक्तानी | १४,१०,००,००० |
| | **जम्मा** | **१४,१०,००,०००** |

**२. सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाकी शेयर सर्वसाधारणहरुको लागी निष्काशन गरिने शेयरमा थप गरिने छ । सर्वसाधारणलाई थप गरि निष्काशन गरे पश्चात समेत पूर्ण रुपमा बिक्री नभए श्री मुक्तिनाथ क्यापिटल लिमिटेडसँग भएको प्रत्याभुति सम्वन्धि सम्झौता नविकरण गरि सोही अनुसार उक्त प्रत्याभुतकर्ताहरुलाई बिक्री गरिनेछ ।

अनुसार उक्त प्रत्याभुतकर्तालाई बिक्री गरिनेछ ।

**३. आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** ओखलढुङ्गा जिल्लाको खिजीदेम्वा गाँउपालिका, सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका तथा रामेछाप जिल्लाको उमाकुण्ड गाँउपालिका बाट बग्ने बुकु खोलाको पानी उपयोग गरी ६ मे.वा. क्षमताको बुकु खोला जलविद्युत आयोजना निर्माण गरिरहेको छ। उक्त जलविद्युत आयोजनाको व्यापारिक उत्पादन गर्नुपर्ने मिति २०८०/०१/१७ गते छ र नेपाल विद्युत प्रधिकरण को योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय विद्युत व्यापार विभाग बाट RCOD थपको आसयपत्र मिति २०८०/०१/२४ गते प्राप्त गरेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानीकल कार्य, इलेक्ट्रोमेकालिकल निर्माण कार्य, र विद्युत प्रशारण लाइन निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल मिति २०८२/०९/२६ (तदनुसार जनवरी १०, २०२६) सम्मको निर्माण प्रगति सम्बन्धी विवरण निम्नानुसार रहेको छ:

| क्र.स | विवरण | सम्पन्न प्रतिशत |
|---|---|---|
| १ | General Items | १००% |
| २ | Diversion weir and under sluice (Buku ) | १००% |
| ३ | Intake and Gravel Trap | १००% |
| ४ | Settling Basin | १००% |
| ५ | Diversion weir and under sluice (Kapti) | १००% |
| ६ | Kapti Headrace pipe | १००% |
| ७ | Headrace and penstock pipe | १००% |
| ८ | Anchor blocks | १००% |
| ९ | Powerhouse | १००% |
| १० | Tailrace and protection work | १००% |
| ११ | Surge tank | १००% |
| १२ | Transmission line | ९६.८% |
| १३ | Electromechanical Works | ९९% |
| १४ | Hydro-mechanical works | १००% |
| | **Average Completed Works - percent** | **९९.७%** |

मिति २०७९/०६/०६ मा आयोजनाको निर्माण शुरु गरिएकोमा मिति २०८२ माघ २३ गते निर्माण कार्य सम्पन्न गरि मिति २०८२ माघ मसान्त गते देखि व्यपारिक उत्पादन शुरु गर्ने कम्पनीको व्यवस्थापनले लक्ष्य लिएको छ ।

**४. आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

निर्माण कार्य मिति २०८२ माघ २३ भित्र सम्पन्न गरी २०८२ माघ मसान्तबाट परीक्षण उत्पादन गर्ने लक्ष्य सहित निर्माण कार्य भैरहेको छ । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद बिक्री सम्झौता अनुसार व्यवसायिक विद्युत उत्पादन गर्नुपर्ने मिति २०८०/०१/१७ गते रहेको छ र नेपाल विद्युत प्रधिकरण को योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय विद्युत व्यापार विभाग बाट RCOD थपको आसयपत्र मिति २०८०/०१/२४ गते प्राप्त गरेको छ ।

**आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने मितिः**

**आयोजना सम्पन्न हुने अनुमाति मिति** : २०८२ साल माघ २३ सम्पन्न भई सकेको ।

**परिक्षण उत्पादन र व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** : २०८२ साल माघ मसान्त सम्म ।

**५ संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरुः** संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता तल उल्लेखित छन ।

| सि.न | विवरण | सप्लायर्सको नाम | रकम (रु) |
|---|---|---|---|
| १ | हाइड्रोमेकानिकल-पाइप Headrace र पेनस्टक पाइप (penstock pipe ) को आपूति कम्पोनेन्टहरुको डिजाइन, आपूर्ति, फयाब्रिकेसन, यातायात, निर्माण, परिक्षण तथा कमिसनिङ कार्य | दीपशील इण्डिया लिमिटेड | भारु.६,६७,४५,६८५ (ने.रु. १०,६८,९३,२१४.५३) |
| २ | इलेकट्रो मेकानिकल कम्पोनेन्टहरुको डिजाइन, आपूर्ति फयाब्रिकेसन, यातायात, निर्माण, परिक्षण तथा कमिसनिङ कार्य | बि.फोरेस प्रा.लि. | भारु.११,५२,००,००० (ने.रु. १८,४४,९२,८००) |
| ३ | ट्रान्सफर्मर | नेपाल ट्रान्सफर्मर एण्ड एलाइड इन्जिनियरिङ प्रा. लि. | ने.रु.११,३७,३०० |

**६. कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरणः** सो नभएको ।

**७. उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

आयोजनाको प्रकृती : जलविद्युत
आयोजना प्रयोगकर्ता : आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्रधिकरणको राष्ट्रिय प्रसारण लाइनमा जोडिने ।
प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।
लक्षित समूह : नेपाल विद्युत प्रधिकरण ।
उत्पादन क्षमता : बुकु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ६ मेगावाट रहेको छ ।

**८. आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** यस जलविद्युत आयोजनाको सोलुखुम्बु जिल्लाको गोली ,ओखलढुङ्गा जिल्लाको रावादोलु र भुसिङ्गा अवस्थित बुकु खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

**९. आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः** यस जलविद्युत आयोजनाको सोलुखुम्बु जिल्लाको गोली ,ओखलढुङ्गा जिल्लाको रावादोल र भुसिङ्गा अवस्थित बुकु खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

**१०. सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

क. निष्कासन तथा बिक्री प्रबन्धक - रु ३,००,०००/– (अक्षरेपी तिन लाख रुपैया मात्र)

ख. ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) - निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

ग. प्रत्याभूतिकर्ता शुल्क - रु. ५,४९,९००/- (अक्षरेपी पाँच लाख उनान्चास हजार नौ सय रुपैया मात्र )

घ विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क - नभएको ।

ङ लेखापरिक्षकको शुल्क - प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत भ्याट मु.अ.कर बाहेक रु १५०,०००/– ।

च अन्य - सि आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनका लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तान गर्नेछन् ।

**ग.१०.ग.सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः विवरण :** सो नभएको ।

**ग.१०.घ.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

१. अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :यस विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । शेयर बाँडफाँड गर्दा निम्न प्रकृया द्धारा गरिने छ ।

क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ ।

ख. बुँदा नं.१ बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नुपर्नेछ ।

ग. बुँदा नं. २ बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ ।

घ. यस विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ। उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरी गरिने छ ।

ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ ।

च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

छ. स्थानीय बासिन्दाका, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ता बिच भएको प्रत्याभुत सम्वन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरिद गर्नेछ ।

ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

२. **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर बिक्री बन्द भएका मितिले धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । आस्वा प्रणाली मार्फत आवेदन

दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ ।

३. **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयरबिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ । उपरोक्त ब्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

४. **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खाता भएका शेयरधनीलाई सन्बन्धित खातामा जम्मा गरिनेछ र डिम्याट खाता नभएका शेयरधनीलाइ शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

५. **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

६. **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

१. **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः .**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ जुन सम्झौतापत्रको समयाअवधी नविकरण भईसकेको छ ।

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : मुक्तिनाथ क्यापिटल लिमिटेड ।

ठेगाना : नारायणचौर, नक्साल , काठमाण्डौं ।

प्रत्याभूति गर्ने धितोपत्रको संख्या : १४,१०,००० कित्ता

प्रत्याभुत गरिएको रकम : रु. १४,१०,००,०००/-

२ **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ता प्रचलित कानुन बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त धितोपत्र व्यवसायी भएको हुँदा, कम्पनीले निष्काशन गर्ने शेयर प्रत्याभूति गर्ने गराउन प्रवन्ध गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोषण गरेको छ ।

२. कम्पनीको शेयर सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१००/- अंकित मुल्यको १४,१०,००० कित्ता शेयरले हुने रु. १४,१०,००,०००/-(अक्षरेपी चौध करोड दश लाख मात्र) रकम बराबरको प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

३. प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा कम्पनीले शेयर वापतको रकम माग गरेको वखत प्रत्याभूतिकर्ताले रकम भुक्तानी गरी खरिद गरी लिनेछ । साथै कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्ता लाई हस्तान्तरण गर्नुपर्नेछ ।

४ यस विवरणपत्र अनुसार जारी गरिने सम्पुर्ण साधारण शेयरहरुका लागि आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वत : पूरा हुनेछ ।

५. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत यस संस्थाले रु. ५,४९,९००/– कमिशनको रुपमा दिइने छ। उक्त रकम सम्झौता गरेको सात दिन भित्र फिर्ता नहुने गरी प्रथम पक्षले द्वितिय पक्षलाई भुक्तानी गर्नेछ ।

६. सम्झौताको अबधि सम्झौता भएको मिति २०८२/१०/२८ गते देखि ३ महिना सम्म हुनेछ । कथमकदाचित उक्त अबधि भित्र शेयर निष्काशनको कार्य गर्न नसकिएका दुवै पक्षको सहमतिमा सम्झौताको अबधि थप गर्न सकिनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**१. धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**२. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, महाराजगंज वडा नं.४, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेडको कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट् संलग्न गरी दरखास्त दिनु पर्नेछ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- अंकित दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० (दस) कित्ता र १० अंकको गुणाङ्कमा) आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि ४७,००० कित्ता तथा सर्वसाधारण का लगि ९४,००० कित्ता सम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**३. आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाँउपालिका वडा नं.७ र ८, सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका वडा नं.२ तथा रामेछाप जिल्लाको उमाकुण्ड गाँउपालिका वडा नं.२ र ३ र गोकुलगंगा गाँउपालिका वडा नं १ का स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्यरुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।

३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. विवाह भै आएका महिलाका हकमा विवाह–दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

५. आयोजना प्रभावित क्षेत्रमा बसाईसराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाईसराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ।

६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी, नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगार गरिरहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१४. सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरुसमेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१५. रु.५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१६. यस विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई निजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन्। साथै

डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण ( रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयर खरिदका लागि आवेदन दिने आवेदकले विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगारमा रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४. बाँडफाँडमा शेयर परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

५. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागी निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ ।

   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

   ग. खरिद गर्न चाहेको धितोपत्रकोसंख्या अंक र अक्षरमा ।

   घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम अंक र अक्षरमा ।

   ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

   छ. आवेदकको हितग्राही डिम्याट खाता नम्बर ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन ।यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३ धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/-(अक्षरेपी पाँच लाख रुपैयाँ) वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदकालागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

१५. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ । तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ ।

१६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्तिसँगको कारोबारको विवरण :**

| क्र.स. | आपसि सम्बन्ध भएको व्यक्तिहरुको विवरण | आ.व.२०८१ आषाढ मसान्तको मौज्दात | आ.व.२०८१/८२ को कारोवार रकम | आ.व.२०८१/८२ आषाढ मसान्तको भुक्तानी गर्नु पर्ने ऋण सापटीको मौज्दात |
|---|---|---|---|---|
| १ | श्री आङ्ग तेन्जी शेर्पा | १९१,७५१ | २२,७७४,०३४ | २२,९६५,७८५ |
| २ | श्री नारायण बाबु अधिकारी | ७६४,१८७ | २,१७८,७७५ | २,९४२,९६२ |
| ३ | श्री धन बहादुर बस्नेत | २,६९२,६३२ | १,८०७,९५१ | ४,५००,५८३ |
| ४ | श्री डिल्ली बहादुर गुरुङ्ग | १,१३०,१७७ | ६,५०९,३३६ | ७,६३९,५१३ |
| ५ | श्री राजेन्द्र गुरुङ्ग | - | ६५०,००० | ६५०,००० |
| | **जम्मा** | **४,७७८,७४७** | **३३,९२०,०९६** | **३८,६९८,८४३** |

**ख) आधारभुत शेयरधनी :**

बुँदा (क) मा उल्लेखित आधारभुत शेयरधनीहरु बाहेक अन्य आधारभुत शेयरधनीहरुसँगको कारोबार नभएको ।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक**

**वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

**च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :**

संचालकहरुबाट संगठित संस्थाहरुबाट लिएको ऋण सम्बन्धि विवरण निम्नानुसार छः

| क्र.स. | संचालकहरुको नाम | पद | आ.व.२०८१/८२ आषढ मसान्तको भुक्तानी गर्नु पर्ने ऋण सापटीको मौज्दात |
|---|---|---|---|
| १ | श्री आङ्ग तेन्जी शेर्पा | अध्यक्ष | २२,९६५,७८५ |
| २ | श्री धन बहादुर बस्नेत | संचालक | ४,५००,५८३ |
| ३ | श्री डिल्ली बहादुर गुरुङ्ग | संचालक | ७,६३९,५१३ |
| ४ | श्री राजेन्द्र गुरुङ्ग | संचालक | ६५०,००० |

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी नरहेको ।

**ग.१३. सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

**ख) बोर्डमा विवरण(पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या** : सो नभएको ।

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण(पत्र वा अन्य विवरणहरुमा उल्लेखगरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**अ) लेखापरीक्षक :**

कम्पनीको आ.व.२०८१/८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको लागि एच.डी.एस.डी. एसोसिएटस, रहेको छ ।

**आ) निष्कासन बैंक (Banker to the Issue)**

यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | बैंक खाताको नाम, | बैंक खाता नंम्बर |
|---|---|---|---|
| १. | हिमालयन बैंक लिमिटेड, ठमेल, काठमाण्डौं । | HCL-APPOLO HYDROPOWER LIMITED IPO | १२००७६८३१४११६७ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिनभित्र वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**

यस विवरणपत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशनकर्ता कम्पनीको व्यवस्थापन रहेको छ ।

**ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः** यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था विज्ञमा के.एम.यु.एण्ड एसोसिएटस् रहेको छ ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन :

१) लेखापरीक्षक : लेखापरीक्षकलाई भुक्तानी गर्नु पर्ने आ.व. २०८१/०८२ को लेखापरीक्षण शुल्क वापत रु.१२०,०००/- (कर सहित) रहेको छ, अन्य कुनै शर्तहरु नरहेको ।

२) निष्काशन बैंकः हिमालयन बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ । निष्काशन बैंकमा संकलन केन्द्रहरुबाट संकलन भएको एकमुष्ठ रकम जम्मा गरिनेछ ।

३) वित्तीय प्रक्षेपण प्रमाणित दिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु १५०,००० (कर बाहेक) रहेको छ ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** बुकु खोला हाइड्रोपावर लिमिटेड अन्तर्गतको आयोजना सञ्चालनका लागि हिमालयन बैंक लिमिटेड मार्फत वित्तीय स्रोतहरुको प्रयोग गरिएको छ । सो वित्तिय श्रोतको विवरण देहाय बमोजिम रहेको छ :

**विवरण**

| सि.नं. | बैंक/ वित्तीय संस्थाको नाम | कर्जाको नाम | स्वीकृत कर्जा रकम | हालसम्म प्राप्त कर्जा (शुरु कर्जा) रकम | कर्जाको भुक्तानी अवधि | ब्याज भुक्तानीको तरिका | हालको बाँकी कर्जा रकम ( २०८२ आषढ मसान्त सम्म) |
|---|---|---|---|---|---|---|---|
| १. | हिमालयन बैंक लिमिटेड | आवधिक कर्जा | ९०,०७,८०,००० | ६७१,५१९,००० | १४ वर्ष | त्रैमासिक | ६७१,५१९,००० |
| | | ब्रिज ग्याप कर्जा | | १९७,६०४,२६५ | | त्रैमासिक | १९७,६०४,२६५ |

आवधिक कर्जाको हरेक बर्षको कर्जा र व्याज भुक्तानी हुने तालिका सहित विवरण निम्नानुसार रहेको छ ।

| वर्ष | साँवा भुक्तानी | ब्याज भुक्तानी | जम्मा | साँवा बाँकी |
|---|---|---|---|---|
| १ | ४१,२२५ | ८८,६९० | १,२९,९१५ | ८,६०,८१३ |
| २ | ४५,५०५ | ८४,४१० | १,२९,९१५ | ८,१५,३०८ |
| ३ | ५०,२२९ | ७९,६८६ | १,२९,९१५ | ७,६५,०७९ |
| ४ | ५५,४४४ | ७४,४७२ | १,२९,९१५ | ७,०९,६३५ |
| ५ | ६१,१९९ | ६८,७१६ | १,२९,९१५ | ६,४८,४३६ |
| ६ | ६७,५५३ | ६२,३६२ | १,२९,९१५ | ५,८०,८८३ |
| ७ | ७४,५६६ | ५५,३५० | १,२९,९१५ | ५,०६,३१७ |
| ८ | ८२,३०६ | ४७,६०९ | १,२९,९१५ | ४,२४,०११ |
| ९ | ९०,८५१ | ३९,०६४ | १,२९,९१५ | ३,३३,१६० |
| १० | १,००,२८२ | २९,६३३ | १,२९,९१५ | २,३२,८७७ |
| ११ | १,१०,६९३ | १९,२२२ | १,२९,९१५ | १,२२,१८४ |
| १२ | १,२२,१८४ | ७,७३१ | १,२९,९१५ | - |
| | ९,०२,०३९ | ६,५६,९४४ | १५,५८,९८२ | |

वित्तीय व्यवस्थापनको लागि बैंकसँग भएको सम्झौता अनुसार कर्जा सम्बन्धी विवरण हरेक संशोधन सहित सो सम्झौताको हाल लागू हुने मुख्य मुख्य विषयहरु निम्नानुसार छन:

| विवरण | शुरु सम्झौतकोका मुख्य मुख्य बुँदाहरु | संशोधन भएका सम्झौताको मुख्य मुख्य बुँदाहरु |
|---|---|---|
| कर्जा सिमा | ७३०,७८०,००० | ९००,७८०,००० |
| ऋण/इक्वीटी अनुपात | ६५:३५ | ७०:३० |
| ब्याज दर | आधारभुत ब्याज दरमा २.५ % जोडेर ब्याज गणना गरिने छ। | संशोधन नभएको |
| सहुलियत अवधि | सहुलियत अवधि २ वर्ष रहने छ। | संशोधन नभएको |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको।

ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको

ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको।

घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंका श्री राम प्रसाद भट्टराईलाई फोन नं.०१-५९७०६७५ मा सम्पर्क गर्न सकिनेछ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण** :सो नभएको।

**ग.२२ अन्य सामान्य जानकारी :**

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले प्रक्षेपित वित्तीय विवरण तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि चार्टर्ड एकाउण्टेण्ट संस्था के.एम.यु .एण्ड एसोसिएटस्ले प्रमाणित गर्नुभएको छ।

ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण : सो नभएको।

**ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

**कम्पनी सचिवको**

नाम : श्री राम प्रसाद चापागाई

ठेगाना : पोखरा महानगरपालिका वडा नं १, टुडिखेल ।

योग्यता :कानून विषयमा स्नातक तह र समाजशास्त्र तथा मानवशास्त्रमा स्नातकोत्तर तह उतिर्ण गरेको ।

**घ. सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०८०/०७/२५ गते बसेको सञ्चालक समितिको बैठकले प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीको सार्वजनिक निष्काशन गर्ने निर्णय गरिएको छ ।

यस कम्पनीको मिति २०८०/०८/२५ गतेका दिन सम्पन्न वार्षिक साधारण सभाको निर्णय तथा प्रबन्ध पत्रको दफा (६) बमोजिम सर्वसाधारणहरु लाई छुटयाइएको जारी पूँजीको ३०% ले हुने रकम रु.१४,१०,००,०००/- (अक्षरेपी चौध करोड दश लाख) को प्रति शेयर रु.१००/- अंकित दरले हुने जम्मा १४,१०,००० कित्ता साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरु तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सामूहिक लगानि कोष, नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरि विदेशमा रोजगारी गरि रहेका नेपालीहरुका लागि र कार्यरत कर्मचारीहरु लाई छुट्ट्याएको छ । साथै सो सम्बन्धि सम्पूर्ण कार्य गर्नका लागि संचालक अध्यक्ष वा निजले तोकेको व्यक्ती लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

यो आयोजनाबाट प्राप्त हुने आयमा ब्यावसायिक उत्पादन शुरु भएको मिति बाट १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, महाराजगंज वडा नं. ४, काठमाण्डौं ।

२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक हिमालयन क्यापिटल लिमिटेड, कमलादी वडा नं. २८, काठमाण्डौं ।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्था :** हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज. शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिएको १४,१०,००० कित्ता शेयर मध्ये कम्पनीको जारी पूँजीको १०% अर्थात रु.४,७०,००,०००/-(अक्षरेपी चार करोड सतरी लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ४,७०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाँउपालिका वडा नं.७ र ८, सोलुखुम्बु जिल्लाको लिखुपिके गाँउपालिका वडा नं.२ तथा रामेछाप जिल्लाको उमाकुण्ड गाँउपालिका वडा नं.२ र ३ र गोकुलगंगा गाँउपालिका वडा नं १ का स्थानीय बासिन्दाहरुका लागी निष्काशन सुरक्षित गरिएको छ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणका लागि छुट्टाइएको रु.९,४०,००,०००/– (अक्षरेपी नौ करोड चालीस लाख रुपैंया मात्र) रकम बराबरको रु.१००/-अंकित दरको ९,४०,००० कित्ता साधारण शेयरको १०% अर्थात ९४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुको लागि छुटाइएको, ५% अर्थात ४७,००० कित्ता साधारण शेयर सामुहिक लगानी कोष लागी छुटाइएको र २% अर्थात १८,८०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी ७,८०,२०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को अधिनमा रही निष्काशन गरिएको छ ।

**झ. कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार

गरिएको हो भन्ने कम्पनीको उदघोषण रहेको छ। साथै यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०८०/०८१ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आथिक वर्षसम्म यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अधावधिक रहेको छ र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२८ को पत्रबाट प्राप्त भएको छ।

**ञ. धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

स्थानीय बासिन्दाहरुको निष्काशन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको ब्यहोरा अनुरोध छ।

| क.स | संकलन केन्द्र, ठेगाना |
|---|---|
| १ | लक्ष्मी सन्‌राइज बैंक, लिमिटेड, किन्जा शाखा, सोलुखुम्बु । |
| २ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, खिजीदेम्वा शाखा, ओखलढुङ्गा । |
| ३ | लक्ष्मी सन्‌राइज बैंक, लिमिटेड, शिवालय शाखा, रामेछाप । |
| ४ | लक्ष्मी सन्‌राइज बैंक, लिमिटेड,प्रिति शाखा, रामेछाप । |
| ५ | सिटिजन्स बैंक इन्टरनेशनल, लिखुपिके शाखा, सोलुखुम्बु । |
| ६ | एपोलो हाइड्रोपावर लिमिटेड, आयोजनाको कार्यालय, ओखलढुङ्गा । |

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**ट. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ नेपाल लिमिटेड, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०३/२७ गते "[CARE-NP BB – (Is) [ Double B- Minus])" प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। केयर रेटिङ नेपाल लिमिटेडले CARE-NP- AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D (Is) ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा -(घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

क्रेडिट रेटिङ्गको बहाल रहने अबधि २०८३/०३/२७ (तदनुसार जुलाई ११, २०२६) सम्म रहेको छ।

**ठ. विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक** : यो विवरणपत्र तयार गर्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी वडा नं. २८, काठमाण्डौं रहेको छ।

**ड सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको।

२) जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

४) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

**ढ. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

**१ आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको** : कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्दै आइरहेकोले एक वर्षको अवधि पूरा गरिसकेको छ ।

**२. प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको** : यस कम्पनीको आ.व.२०८१/८२ को लेखापरिक्षण सम्पन्न भई साधारणसभा मिति २०८२ साल पौष २७ गते सम्पन्न भएको छ ।

**३. आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको** : नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति २०७४/०९/२५ गतेमा विद्युत उत्पादनको अनुमतिपत्र वि.वि.वि ०७४/७५ वि.उ.२१६ प्राप्त भएको हो र उक्त अनुमतिपत्र २१०९/०९/२४ गते सम्म बहाल रहनेछ ।

**४. संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको** :कम्पनीले आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको संरचनाहरुको निर्माण सम्पन्न भइसकेको छ ।

**५. उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्ट आदि खरिद गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा भइसकेको** : यस बुकु खोला जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिदका लागि सम्झौता गरि केही सामग्री आयातको क्रममा भइरहेको छ भने जडान कार्य समेत तिब्र गतिमा भइरहेको छ ।

**६. धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भई सकेको** : कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसारको साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड, कमलादी वडा नं. २८, काठमाण्डौंसँग सम्झौता गरिएको छ ।

**७. आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

**८. संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको** : सस्थापकहरुले आफुले लिन कवलु गरेको रु ३२,९०,००,०००/- (अक्षरेपी बत्तिस करोड नब्बे लाख मात्र) शत प्रतिशत चुक्ता भैसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भैसकेको ।

**९. परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको** : परियोजना निर्माणका लागि मिति २०८०/०२/०१ गते फाइनान्सियल क्लोजर हिमालयन बैंक लिमिटेड सँग सम्पन्न भएको छ ।

**१०. जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको** :

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०७०/०२/०२ गतेविद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो । उक्त सम्झौताको पहिलो संशोधन मिति २०७५/०४/२२ र दोस्रो संशोधन २०७९/११/१० र तेश्रो संशोधन २०८०/१०/१५ मा भएको छ र चौथो संशोधन को प्रक्रियामा रहेका छ ।

**११. सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम श्री मुक्तिनाथ क्यापिटल लिमिटेडसँग २०८२/०४/२८ गते प्रत्याभूति सम्झौता भएको छ ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरहरुको आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्यदिन र बढीमा १५ दिन हुनेछ उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेका तथा वैदेशिक रोजगारीमा रहेका नेपालीको लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री आङ तेन्जी शेर्पा | अध्यक्ष | |
| २. | श्री राजेन्द्र गुरुङ्ग | संचालक | |
| ३. | श्री रोजेन कुमार क्षेष्ठ | संचालक | |
| ४. | श्री रेनुका गुरुङ्ग | संचालक | |
| ५. | श्री बिष्णु प्रसाद अधिकारी | स्वतन्त्र संचालक | |
| ६ | श्री धन बहादुर बस्नेत | संचालक | |
| ७ | श्री डिल्ली बहादुर गुरुङ्ग | संचालक | |

२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) को प्रति

**Himalayan Capital**
A Subsidiary of Himalayan Bank Limited

**निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)**

मिति : २०८२/०५/१२

**श्री नेपाल धितोपत्र बोर्ड,**
**खुमलटार, ललितपुर ।**

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

**महोदय,**

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री एपोलो हाइड्रोपवर लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१००/- अंकित दरका १४,१०,००० कित्ता थान साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधित सहित) तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (संशोधित सहित) मा उल्लेख गरिएका सम्बन्धीत कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

हिमालयन क्यापिटल लिमिटेडको तर्फबाट

नाम : राम प्रसाद भट्टराई

पद: प्रमुख संचालन अधिकृत

सही : ..........

कार्यालयको छाप :

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

PO Box: 4518, IT Plaza, Kamaladi, Kathmandu, Nepal  +977 01-5970675  info@himalayancapital.com  www.himalayancapital.com
Merchant Banker Institution licensed by Securities Board of Nepal

:२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**KMU & Associates**
**Chartered Accountants**

To,
The Board of Directors,
Appolo Hydropower Limited
Kathmandu, Nepal

**Subject: Review of Projected Financial Statement.**

Dear Sir,

As per the aforesaid subject and as per your request we have reviewed the projected financial statement of Appolo Hydropower Company Limited For FY: 2082/83 to FY: 2093/94, in accordance with Nepal Standard on Assurance Engagement 3400, "The examination of Prospective Financial Information" issued by the Institute of Chartered Accountants of Nepal. The preparation of the projection including the assumptions set out in Projected Financial Statement, is the responsibility of the management.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for the approval of issue Initial Public Offering (IPO) of shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users can caution that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared based on the assumptions to the Projected Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projections since other anticipated events frequently don't occur as expected and the variation may be material.

We have not performed an audit for the same and accordingly, we do not express an audit opinion on it. Because of its special nature, our review report may not be used for any other purpose other than to assist the management in the matters related to Public Offerings of its Share & such is limited for same only. The terms of reference for this engagement have been established with our agreement & will not accept responsibility to any other party to whom the report may be shown or who may acquire a copy of the same.

Your Sincerely,

CA. Madhu Pokharel

K. M. U. & Associates Kathmandu Chartered Accountants

Partner
For K. M.U. & Associates,
Chartered Accountants
Date: January 14, 2026
UDIN: 260114CA01329Fr7Kq

Baluwatar (Embassy Marg), Kathmandu-4, Nepal | Tel. No.:+977-01-5551916 | Email: info.kmuassociates@gmail.com | Web: www.kmu.com.np

*H.D.S.D. Associates*
*Chartered Accountants*

Ward -01, Bhagwati Marg, Naxal,
Kathmandu, Nepal
Phone No: 4542700

**Independent Auditor's Report**

**To,**

**The Shareholders' of**

**Appolo Hydropower Limited**

**Maharajgunj, Kathmandu**

**Report on the Audit of the Financial Statements for Fiscal Year 2081.82**

1. **Opinion**

We have audited the financial statements of **Appolo Hydropower Limited** (***hereinafter referred as the Company***), which comprises Statement of Financial Position as at 32nd Ashadh (16th July,2025), 2082, and the Statement of Profit or Loss, Statement of Cash Flows, Statement of Changes in Equity for the year ended thereon and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of the Company as at 32nd Ashadh, 2082, and of its financial performance and its cash flows for the year then ended therein accordance with NFRS (Nepal Financial Reporting Standard) and comply with the provisions of concerned laws and statutes.

2. **Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the Financial Statements* section of our report. We are independent of the Company in accordance with the *Handbook of the Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of the financial statements issued by the Institute of Chartered Accountants of Nepal (ICAN) and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

3. **Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

| Key Audit Matter | How our Audit addressed the matter |
|---|---|
| **1.Application of IFRIC 12** | |
| The application of IFRIC 12 is significant to the audit due to the following:<br>• **Complexity and Judgments:** Determining whether the arrangement qualifies as a service concession under IFRIC 12 requires significant judgment, including the assessment of whether the entity acts as an operator and whether the grantor controls the infrastructure.<br>• **Revenue Recognition:** The accounting for construction and operational revenue under the financial asset or intangible asset model involves complex judgments and estimates, including the allocation of consideration and the recognition of interest income under the financial asset model.<br>• **Measurement and Presentation**: The classification and measurement of financial assets or intangible assets | • **Understanding of business environment:** Reviewed Power Purchase Agreement<br>• **Evaluation of accounting policies:** Reviewed the entity's accounting policies for compliance with IFRIC 12, focusing on the criteria for determining whether the arrangement falls under IFRIC 12<br>• **Testing Revenue Recognition and Measurement:** Reviewed revenue recognition practices to ensure compliance with the intangible asset model under IFRIC 12<br>• **Disclosures:** Reviewed the disclosures in the financial statements to ensure they are |

Kathmandu Nepal Chartered Accountants

| | |
|---|---|
| arising from the concession require subjective assumptions and disclosures that could significantly impact the financial statements. | consistent with the requirements of IFRIC 12 and provide users with adequate information about the entity's service concession arrangements. |
| **2.NEA penalty for delayed required date of commercial Operation** | |
| As per revised Power Purchase Agreement (PPA), the required commercial date of operation (RCOD) is 17th Baisakh, 2080. However, due to various unavoidable circumstances the project was not completed on or before RCOD stipulated. We don't identify the concrete possibility of extension of RCOD stipulated by NEA till reporting period.<br>Thus, considering above matter , AHL has created provision for penalty of NPR .9,193,942 in the F.Y 2082. | • Evaluated the design and operating controls to identify and critically assess the reasonable delays in RCOD.<br>• Assessed the adequacy regarding the eligibility in respect to the extension provided by NEA<br>• Based on PPA agreement date project has been significantly delayed. Fine has been verified as per contract energy table and terms and conditions regarding penalty for delayed in stipulated RCOD provided in PPA. |

**4. Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRS and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**5. Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists.

Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

**6. Report on Other Legal Requirements**

Kathmandu Nepal Chartered Accountants

As required by Section 115 of Companies Act, 2063 (Including Amendments), we also report:

a) We have obtained all the information and explanations, which to the best of our knowledge and belief, are necessary for the purpose of our audit.
b) In our Opinion, proper books of account as required by Companies Act have been properly maintained by the Company. In a manner to reflect the real affairs of its business.
c) The Board of Directors or any representatives or any employee has not acted contrary to the law or misappropriated or caused any loss or damage to the company.
d) Accounting fraud or any misappropriation has not been noticed by us during the course of our audit.

**FCA. Deepak Bohara**
**Partner**
H.D.S.D. Associates, Chartered Accountants
Place: Naxal, Kathmandu
Date:
UDIN:

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

Fiscal Year: 2081/82

## UDIN Document

| | |
|---|---|
| **Generated Date / Time:** 2025-08-27 17:28:00 | **UDIN Number:** 250827CA01003ut9Lz |
| **Member Name:** DEEPAK BOHARA | **Date of Signing Document:** 2025-08-27 |
| **Document Type:** Audit | **Audit Type:** Statutory Audit |
| **Office Type:** Unlisted Public Company | **Office Name:** Appolo Hydropower Ltd. |
| **Type of Audit Opinion:** Unqualified Opinion | |
| **Client PAN:** 302387610 | |

**Financial figures**

| S.N. | Heading | Amount |
|---|---|---|
| 1 | **Total Assets/Liabilities** | **NRs. 1,371,875,789.00** |
| 2 | **Gross Revenue / Turnover** | **NRs. 546,332,992.00** |
| 3 | **Gross Expenses** | **NRs. 530,876,246.00** |
| 4 | **Net Profit or Loss** | **NRs. 15,456,745.00** |

**Status:** Active Document

**Document Description:** Statutory Audit 2081.82

The UDIN System has been developed by the Institute of Chartered Accountants of Nepal (ICAN) to facilitate its members for verification and certification of the documents and for securing documents and authenticity thereof by Authorities, Regulators and Stakeholders. However, ICAN assumes no responsibility of verification and certification of document(s) carried out by the Members and the concerned member(s) shall alone be responsible therefore.

To verify UDIN, please go to www.udin.ican.org.np

Print Date / Time: 2025-08-27 17:38:44